सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ वैशाख २०८१, शनिबार (13 April 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १ ■ पृष्ठ १२+५६ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रकाशकीय

'नयाँ पत्रिका' राष्ट्रिय दैनिक आजबाट १८ वर्ष लागेको छ। यो यात्रामा साथ, सहयोग र सद्भावका लागि हामी आदरणीय पाठक, विज्ञापनदाता, वितरक र शुभेच्छुकप्रति आभारी छौं।

यहाँहरू जानकार नै हुनुहुन्छ, विश्वव्यापी आर्थिक मन्दीका कारण समग्र मिडिया उद्योग ऐतिहासिक संकटबाट गुज्रिरहेको छ। सोसल मिडियाको बढ्दो दबदबासँगै सत्य र झुटको सीमा साँघुरिँदै जाँदा पत्रकारिताको विश्वसनीयतामाथि पनि चुनौती थपिँदै गएको छ। तर, विश्वसनीयताको पुँजी हामी गुम्न दिनेछैनौं, यो हाम्रो संकल्प हो। लोकका पक्षमा दृढ बनेर सधैं नागरिकको आवाज बनिरहनेछौं।

प्रतिबद्ध छौं,
आगामी दिनमा पनि हामी उच्च व्यावसायिकता र जिम्मेवारीसहित प्रस्तुत हुनेछौं। नयाँ वर्ष २०८१ को यहाँहरू सबैलाई हार्दिक मंगलमय शुभकामना।

समृद्धि : उच्चदरमा लगानी वृद्धि

आगामी पाँच वर्षमा औसत ८.५% को आर्थिक वृद्धिदर हासिल गर्दै अर्थतन्त्रको आकार ८१ खर्ब पुऱ्याउने १६औं पञ्चवर्षीय योजनाको प्रस्तावित लक्ष्य छ। यसका लागि वार्षिक औसत साढे ९ खर्बहाराहारी लगानी गर्नुपर्छ, जुन ठूलो मात्रामा अपुग हुने देखिन्छ। सरकार त्यसको व्यवस्थापनमा जुटेको छ।

■ ०८० को बिदाइ



काठमाडौंको चोभारबाट शुक्रबार साँझ देखिएको ०८० को अन्तिम सूर्यास्त। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

कृष्ण रिजाल/नयाँ पत्रिका

विश्वका ठूला र उदीयमान अर्थतन्त्रहरूको बीचमा रहेको नेपाल लगानीको अथाह सम्भावनाको 'भर्जिन ल्यान्ड' हो। यसको सदुपयोगले मात्रै देशले लिएका तत्कालीन तथा दीर्घकालीन लक्ष्य हासिल गर्न सक्ने निष्कर्षसहित सरकारले आवश्यक पहल थालेको छ। जनताको जीवनस्तर सुधार तथा आर्थिक-सामाजिक एवं पूर्वाधार विकासमा अपुग लगानी जुटाउने सरकारको लक्ष्य छ।

तीव्र रूपमा स्वदेशी तथा विदेशी लगानी बढाउनेतर्फ सरकारले ध्यान दिइरहेको अर्थमन्त्री वर्षमान पुन बताउँछन्। 'एकातर्फ नेपालले आफूले लिएको लक्ष्यहरू पूरा गर्न लगानी अभाव छ, अर्कातर्फ यही अभावलाई लगानीकर्ताले अवसरको रूपमा सदुपयोग गर्न सक्छन्,' उनले भने, 'स्वदेशी एवं विदेशी निजी क्षेत्रले नेपालमा तीव्र लगानी गरून्, उत्पादन बढाऊन्, रोजगारी सिर्जना गरून् र राम्रो प्रतिफल कमाऊन् भन्ने सरकारको सोच हो।'

अहिले अतिकम विकसित मुलुकहरूको सूचीमा रहेको नेपाललले अबको दुई दशकभित्रै उच्च आय भएको विकसित मुलुक बन्ने दीर्घकालीन लक्ष्य बनाएको छ। त्यसअगाडि अबको तीन वर्षभित्रै नेपाल विकासशील देशमा स्तरोन्नति हुँदै छ। सन् २०३० सम्ममा नेपाललले दिगो विकासका लक्ष्य पूरा गर्नुपर्नेछ। सीमित स्रोतले महत्त्वाकांक्षी आकांक्षा पूरा गर्न भने सहज हुँदैन।

राष्ट्रिय योजना आयोगले तयार गरेको १६औं पञ्चवर्षीय योजनाको मस्यौदामा 'आगामी पाँच वर्षमा औसत साढे ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दै अर्थतन्त्रको आकार ८१ खर्ब रुपैयाँबराबरको पुऱ्याइने' लक्ष्य छ। यसका लागि वार्षिक औसत साढे नौ खर्ब रुपैयाँहाराहारी लगानी गर्नुपर्ने हुन्छ। पछिल्ला पाँच वर्षमा सरकारले वार्षिक औसत दुई खर्ब २१ अर्ब पुँजीगत खर्च गरेको आधारमा आवधिक योजनाको लक्ष्य हासिल गर्न नेपाललाई ठूलो मात्रामा लगानी अपुग रहन सक्ने देखिन्छ। यस्तो अवस्थामा नेपाललले स्वदेशी एवं विदेशी

» पृष्ठ ८ मा क्रमशः

नयाँ पत्रिका
२७औं वार्षिकोत्सव विशेषांक
समृद्धिका लागि लगानी

दुई दशकभित्रै उच्च आय भएको विकसित मुलुक बन्ने दीर्घकालीन लक्ष्य

तर, कसरी जुटाउने लगानी ?



लगानीको गन्तव्य बनाउने अठोट
● सुशील भट्ट

सरकार-निजी पहलकदमी : प्रत्यक्ष वैदेशिक लगानी
● चन्द्रप्रसाद ढकाल

लगानीलाई न्याय
● अनिलकुमार सिन्हा

आयात प्रतिस्थापन, स्वदेशी लगानीलाई प्रोत्साहन
● राजेशकुमार अग्रवाल

के खोज्छन् विदेशी लगानीकर्ता ?
● सेमन्त दाहाल

सरकारको प्राथमिकता : कानुनी जटिलताको अन्त्य
● दामोदर भण्डारी

सरकारी लगानीको प्राथमिकीकरणमा सुधार
● प्रा.डा. गोविन्दराज पोखरेल

एनआरएन : समृद्धिका साझेदार
दुई दशकमा सय अर्ब लगानी
● डा. बद्री केसी

सुरक्षाको सुदृढीकरण, लगानीको वातावरण
● राजेन्द्रसिंह भण्डारी

आवश्यकता सबल वित्तीय क्षेत्रको
● नीलम ढुंगाना तिम्सिना

पर्यटनले जगाएको छ आशा
● वसन्त मिश्र

स्वास्थ्य पूर्वाधारमा बढाउनुपर्छ सरकारी लगानी
● प्रा.डा. किरण रेग्मी

अहिलेको आवश्यकता, नवप्रवर्तनमा लगानी
● प्रमिलादेवी बज्राचार्य

जलविद्युत्को विस्तार, समृद्धिको प्रमुख आधार
● गणेश कार्की

विदेशी अनुदानभन्दा सहुलियतपूर्ण ऋण र लगानीमा जोड दिन्छौं
अन्तर्वार्ता
● वर्षमान पुन, अर्थमन्त्री

कृषिमा लगानीयोग्य क्षेत्र कफीदेखि जडीबुटीसम्म
● डा. योगेन्द्रकुमार कार्की

उत्साहजनक छ आइटी क्षेत्र बढाउनुपर्नेछ 'ब्रान्ड भ्यालु'
● दीपेश प्रधान

खानी बन्न सक्छन् समृद्ध नेपालको साधन
● रामप्रसाद घिमिरे

सातवटै प्रदेशमा सम्भावनाका क्षेत्रसहित विज्ञहरूको विचार

पाँच महिनापछि हट्यो माइतीघर क्षेत्रको निषेधाज्ञा



आन्दोलनमा सरकारी सम्पत्तिको क्षति भएमा आन्दोलनकारीबाटै भराइने

(समाचार पृष्ठ ३)

सुन्तला राष्ट्रिय फल घोषणा

वार्षिक ३० अर्ब ६१ करोडको कारोबार सात लाखलाई प्रत्यक्ष रोजगारी

(समाचार पृष्ठ ९)

NIMB
नेपाल उन्मोच्दमेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

LITMUS CABLES
QUALITY मा NO. 1
EcoWire ZH
NEPAL'S LARGEST WIRES & CABLES BRAND
9801914455
litmus@rameshcorp.com

UNILEVER NEPAL LIMITED
NEW
नयाँ LUX, VITAMIN C युक्त
FLAW-LESS ग्लो* को लागि
LUX®
भिटामिन सी
ज्यास्मिन एक्सट्रैक्ट
लोटस एक्सट्रैक्ट
रोज एक्सट्रैक्ट
Even-Toned Glow ROSE VITAMIN C + E
Fresh Glow LOTUS
Flaw-less Glow JASMINE VITAMIN C + E
*Basis clinical study done by independent clinical research organization, 2022 with regular use.

NIC ASIA
Bank Anytime Anywhere with NIC ASIA
MoBank App
NEA
Flight ticket
Government payment
Apply For Share
TV
Water
Internet
Topup
Insurance
EMI
School
Cardless withdraw
Fund transfer
Credit card
Demat
Home
Banking Services
E Services
Payments
Fund Transfer
SCAN to DOWNLOAD
ANDROID APP ON Google play
Download on the App Store
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि
Customer Care: 1660-01-77771, 1810-21-77771
Hotline: 01-5970101

वर्ष २०८० : राजनीतिक अस्थिरताकै घनचक्कर

१५ महिनामै दुईपटक गठबन्धन हेरफेर हुँदा संघ मात्र होइन, सातवटै प्रदेश सरकार अस्थिर

शुरोजंग पाण्डे / नयाँ पत्रिका

१० पुस ०७९ मा एमालेको निर्णायक पहलमा प्रधानमन्त्री बने पनि दुई महिनामै उसैसँगको गठबन्धन तोडेर काग्रेससँग सहकार्य गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १५ फागुन ०७९ को साँझ एमाले मन्त्रीहरूको राजीनामा बुझ्दै भनेका थिए, 'क्याबिनेटमा तपाईंहरूसँग कहिल्यै असहजता महसुस गरिनँ, जति दिन बस्यौं, मिलेरै बस्यौं, मिलेरै काम गर्‍यौं, तर राजनीतिक घटनाक्रम फरक ढंगले विकसित भयो ।' र, उनले राजनीतिमा सम्भावनाका ढोका खुला रहन्छन् भन्ने संकेत गर्दै भनेका थिए, 'राजनीति फेरि पनि सम्भावनाको खेल हो । भोलिका दिनमा जुनसुकै वेला हामी मिल्दैनौं, एक ठाउँ हुँदैनौं भन्ने केही छैन, सहकार्य र सहयोगका लागि तपाईंहरूलाई धन्यवाद ।'

त्यतिवेलाको घटनाक्रमलाई सामान्यीकरण गर्ने प्रयास गरेका उनै प्रचण्डले एक वर्षकै बीचमा दोस्रोपटक एमालेलाई फेरि विश्वासमा लिएर तीनपटक सरकार फेरबदल गर्दै सत्तासमीकरण परिवर्तन गर्ने जोखिम लिएका छन् । एक वर्षअघिको भनाइलाई नै चरितार्थ गर्दै फेरि एमालेसँग हात मिलाएर प्रचण्डले 'सबै वाम-एक ठाम'को नारा सुरु गरेका छन् ।

तेस्रो शक्तिसँग मिलेर गठबन्धन भत्काउन र बनाउन दुई ठूला दल काग्रेस र एमालेले सम्पूर्ण शक्ति खर्चेका छन् । प्रचण्डको निर्णय र ठूला दलहरूमा सत्ताको भोकले ०८० राजनीतिक घटनाक्रमका हिसाबले अस्थिर वर्षका रूपमा बिदाइ भयो । केन्द्रीय समीकरणमा आउने फेरबदलको रातारात प्रदेशमा पर्ने प्रभावले संघीयताप्रति जनस्तरमै प्रश्न उठ्ने स्थिति आएको छ ।

केन्द्र सरकार र प्रदेश सरकार परिवर्तन शृंखलाले वर्ष ०८० लाई अस्थिर वर्षका रूपमा मात्र चित्रित गरेको छैन, जनतामा झन- झन् निराशा बढ्ने गरी निर्वाचन प्रणाली, संघीयता, धर्मनिरपेक्षतालगायत उपलब्धिमाथिसमेत राप्रपालगायत शक्तिले प्रश्न उठाइरहेका छन् । प्रमुख दल काग्रेस र एमालेभित्रसमेत निर्वाचन प्रणाली, संघीयताको मोडल परिवर्तनदेखि बहुदलीय व्यवस्थाको सट्टा दुईदलीय राजनीतिक प्रणालीसम्मको विषयले यदाकदा छलफल र बहसले प्रवेश पाउन थालेको छ ।

स्थिरताका लागि मिश्रित निर्वाचन प्रणालीको सट्टा पहिलेझैं प्रत्यक्ष निर्वाचन प्रणाली मात्र अवलम्बन गर्नुपर्ने आवाज पनि उठ्न थालेको छ । तर, प्राध्यापक कृष्ण पोखरेल अहिलेको अस्थिरताको दोषी निर्वाचन प्रणाली नभएर मुख्य राजनीतिक दल र तिनका शीर्ष नेता भएको दाबी गर्छन् ।

'०४७ को संविधानपछि प्रत्यक्ष निर्वाचन प्रणालीबाटै चुनाव गर्दा पनि ०५१ पछि कहिल्यै कुनै दलको बहुमत आएन, तैपनि सरकारहरू बदलिरहृयो, त्यसैले अहिलेको अस्थिरता न गणतन्त्र, न संघीयता, न धर्मनिरपेक्षताको हो,' पोखरेल भन्छन्, 'मुख्य दोषी मुख्य राजनीतिक दल र तिनका शीर्ष नेतृत्व पनि हो, त्योसँगै निर्वाचन प्रणाली पनि हो ।'

समानुपातिक निर्वाचन प्रणाली हटाएर प्रत्यक्ष निर्वाचन प्रणाली मात्र अपनाउँदा पनि ०५१ पछिकै जस्तो त्रिशंकु संसद् नै जन्मिने खतरा रहेकाले निर्वाचन प्रणालीमा सुधार गर्दैमा अस्थिरता अन्त्य नहुने उनको भनाइ छ । विकल्पमा राजनीतिक पार्टीले विचारधारात्मक निकटताका आधारमा स्पष्ट विचार, कार्यक्रम र तत्कालीन सांगठनिक हैसियतका आधारित गठबन्धन





०४७ को संविधानपछि प्रत्यक्ष निर्वाचन प्रणालीबाटै चुनाव गर्दा पनि ०५१ पछि कहिल्यै कुनै दलको बहुमत आएन, तैपनि सरकारहरू बदलिइरहे, त्यसैले अहिलेको अस्थिरता न गणतन्त्र, न संघीयता, न धर्मनिरपेक्षताको हो । मुख्य दोषी मुख्य राजनीतिक दल र तिनका शीर्ष नेतृत्व पनि हो, त्योसँगै निर्वाचन प्रणाली पनि हो ।

● **कृष्ण पोखरेल, प्राध्यापक**

निर्माण गरेर चुनावमा जाने र स्थिर सरकार बनाउने अभ्यासमा जानुपर्ने पोखरेलको मत छ । 'हामीले निर्वाचन प्रणालीलाई पनि दुरुपयोग गर्‍यौं, थ्रेसहोल्डमा सुधार गरे पनि खण्डित जनादेश नै आउँछ, त्यसैले स्थिरताका लागि गठबन्धन संस्कृतिको विकास गर्न जरुरी छ,' अहिलेको समाधानको विकल्पबारे पोखरेलको सुझाव छ ।

१० पुसमा एमालेको निर्णायक पहलमा प्रधानमन्त्री बनेका प्रधानमन्त्री प्रचण्डले ११ फागुनमा पुग्दा काग्रेस, जसपा, नेकपा एस, लोसपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीसहितको अर्को गठबन्धन रोजेर मन्त्रिपरिषद् पुनर्गठन गरेका थिए । त्यसको ठीक एक वर्षपछि २१ फागुन ०८० मा प्रधानमन्त्री प्रचण्ड काग्रेसलाई फालेर फेरि एमालेसहितको पुरानै समीकरणमा फर्किए । काग्रेससँगको सहकार्य तोडेर प्रचण्डले एमाले, रास्वपा र जनता समाजवादी पार्टीसहितको गठबन्धन निर्माण गरे ।

राजनीतिक विश्लेषक श्याम श्रेष्ठ एकै वर्षमा तीन-तीनवटा सरकार फेरिनुलाई संसारकै राजनीतिको बिरलै घटनाका रूपमा चित्रित गर्छन् । 'राजनीतिक घटनाक्रम हेर्दा एक वर्षमा तीनवटा सरकार बन्यो । सरकार बदलिरहृयो र त्यो पनि तीनैवटा सरकारको नेतृत्व तेस्रो दलले गर्नु संसारमै कमै हुने बिरलै घटना हो, जुन नेपालमा देखियो,' वर्ष ०८० लाई समीक्षा गर्दै श्रेष्ठले भने, 'भ्रष्टमाथिको कारबाहीको थालनी उल्लेखनीय भए पनि माथिको टाउका बचे, तलका मात्र परे, यसबाहेक त गौरवलायक गतिविधि पनि देखिएन ।'

वामपन्थीहरूले नै निर्णायक रूपमा सरकारको नेतृत्व गर्दा पनि शिक्षा, स्वास्थ्य, कृषि र उद्योगको क्षेत्रमा उल्लेखनीय परिवर्तन नदेखिनु दुर्भाग्य भन्दै उनले सरकार अलोकप्रिय भएकै मौका छोपेर राप्रपालगायत लोकतान्त्रिक गणतन्त्र र परिवर्तनका उपलब्धिको विरोधमा सडकमा ओर्लिएको श्रेष्ठले टिप्पणी गरे ।

कोशी प्रदेशमा पाँचौंपटकसम्म सरकार फेरिएको छ । नयाँ सरकार बन्ने-नबन्ने अनिश्चितताबीच प्रदेश प्रमुखले बहुमतीय सरकार बन्ने बाटो लगभग बन्द गरेर संसद्को विशेष अधिवेशन बोलाइदिएका छन् । त्यस्तै, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा तीनदेखि चार मुख्यमन्त्री फेरिएका छन् । पछिल्लो समीकरणपछि पनि सुदूरपश्चिम र गण्डकीमा नयाँ सरकार बन्ने प्रस्ट बाटो देखिएको छैन ।

क्षेत्रीय रूपमा उदाएका साना पार्टीहरू खासगरी जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, हाम्रो नेपाली पाटी, समाजवादी जनता दलदेखि स्वतन्त्र सांसदसम्म प्रदेशको राजनीतिमा निर्णायक बनेका छन् । एमालेको चुनाव चिह्नबाट चुनाव जितेर स्वतन्त्र सांसदका रूपमा दोस्रोपटक गण्डकीमा निर्वाचित दीपक मनाडे पाँचपटकसम्म मन्त्री बनेका छन् । काग्रेस नेतृत्वको सरकारमा मन्त्री रहेका उनी एमालेको नेतृत्वमा बन्ने सम्भावित सरकारका लागि मन्त्रीका लागि तयारी अवस्थामा छन् ।

केन्द्रको अस्थिरताको घनचक्करले प्रदेशलाई मात्र गाँजेको छैन, त्यसको प्रत्यक्ष असर व्यवस्थापिका संसद्मा पनि परिरहेको छ । हिउँदे अधिवेशनको बैठकले एउटा पनि कानुन पास नगरी सरकारले शुक्रबार संसद् अधिवेशन अन्त्यका लागि सिफारिस गर्ने निर्णय लिएको छ । प्रमुख विपक्षी काग्रेसको अवरोध र सत्तापक्षको अडानले बिजनेसविहीन संसद्को हिँउदे अधिवेशन खेर गएको छ । अत्यावश्यक कानुनसमेत बनाउन संसद् असफल हुनुले व्यवस्थामाथि नै नकारात्मक कोणबाट प्रश्न उठ्ने स्थिति सिर्जना भएको छ ।

हिउँदे अधिवेशन अन्त्यका लागि सिफारिस

नयाँ पत्रिका

सरकारले संघीय संसद्को हिउँदे अधिवेशन अन्त्य गर्न सिफारिस गरेको छ । मन्त्रिपरिषद्को शुक्रबारको बैठकले हिउँदे अधिवेशन अन्त्यका लागि सिफारिस गर्ने निर्णय गरेको हो ।

सरकारकी प्रवक्ता तथा सञ्चार, सूचना तथा प्रविधिमन्त्री रेखा शर्माका अनुसार आगामी २ वैशाख ०८१ राति १२ बजेदेखि लागू हुने गरी संसद्को अधिवेशन अन्त्यका लागि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरिएको छ ।

गत २२ माघबाट सुरु भएको हिउँदे अधिवेशन निरन्तर अवरोध भएपछि सुचारु हुन सकेको थिएन । प्रमुख विपक्षी काग्रेसले सहकारी ठगी मुद्दामा गृहमन्त्री रवि लामिछानेको संलग्नतामाथि छानबिन गर्न संसदीय समिति गठन हुनुपर्ने माग राखेर अवरोध गरिरहेको थियो ।

२७ र २८ चैतको बैठक पनि अवरोध भएपछि सभामुख देवराज घिमिरेले २ वैशाखका लागि बैठक डाकेका थिए । तर, सरकार काग्रेसको मागमा लचक नबन्ने निष्कर्षमा पुगेपछि हिउँदे अधिवेशन अन्त्य भएको छ ।

शाक्य राष्ट्रिय सभा सदस्यका लागि सिफारिस



सरकारले राष्ट्रिय सभाको रिक्त सदस्य पदका लागि डा. अञ्जान शाक्यलाई मनोनीत गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिबाट मनोनीत हुने कोटामा शाक्यलाई नियुक्त गर्न सिफारिस गरेको हो । इजरायलकी पूर्वराजदूत शाक्य यसअघि राष्ट्रिय योजना आयोगकी सदस्य थिइन् । त्यसअघि तत्कालीन काग्रेससहितको गठबन्धन बनाउँदा जनमोर्चा नेतृ दुर्गा पौडेललाई सिफारिस गर्ने सहमति थियो । तर, समीकरण बदलिएपछि एमाले कोटाबाट शाक्यको नाम राष्ट्रपतिसमक्ष सिफारिस गरिएको हो ।

नेपालमा इसिगरेट प्रयोग बन्देज लगाउन माग



नयाँ पत्रिका

चिकित्सक तथा सांसदहरूले भेप र इसिगरेट पूर्ण रूपमा बन्देज लगाउन माग गरेका छन् । ह्याम्स अस्पतालले शुक्रबार राजधानीमा आयोजना गरेको 'स्वास्थ्य सबैको सरोकार' नामक स्वास्थ्यसम्बन्धी बृहत् संवाद र छलफल कार्यक्रममा विभिन्न दलका सांसद तथा स्वास्थ्यकर्मीले भेप गम्भीर स्वास्थ्य चुनौती बनेको बताउँदै यसलाई पूर्ण रूपमा बन्देज लगाउन माग गरेका हुन् ।

ह्याम्स अस्पतालको वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा सम्बन्धित क्षेत्रका विज्ञ, सरोकारवाला निकाय तथा प्रतिनिधिसभा सांसदहरूसँग संवाद गरिएको हो । 'भेप-इसिगरेट : बढ्दो गम्भीर स्वास्थ्य चुनौती' विषयमा पल्मोनोलोजिस्ट डा. राजु पंगेनी र डा. रक्षा पाण्डेले प्रस्तुति दिएका थिए । जसमा सांसद प्रदीप पौडेल, महेश बर्तौला, माधव सापकोटा, मनीष झासहित स्वास्थ्यसचिव डा. रोशन पोखरेल, हिसानका उपाध्यक्ष टंकराज आचार्य तथा नेपाल मेडिकल एसोसिएसनका अध्यक्ष डा. अनिलविक्रम कार्कीले आ-आफ्ना विचार राखेका थिए ।

अधिकांश वक्ताले सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि करको दायरा बढाउँदै लानुपर्ने र भेप नेपालमा प्रतिबन्ध लगाउनुपर्ने बताए । 'सुर्तीजन्य पदार्थ नियन्त्रणमा भेप र इसिगरेटको बढ्दो प्रयोग चुनौती बन्दै गएको छ । भेप र इसिगरेटलाई पूर्ण रूपमा बन्देज लगाउन आवश्यक देखिएको छ । सुर्तीजन्य पदार्थबाट संकलन भएको करको २५ प्रतिशत स्वास्थ्यमा खर्च गर्न हामीले आठ वर्षदेखि माग राख्दै आएका छौं । तर, अहिलेसम्म ४० करोड मात्रै पाइरहेका छौं,' स्वास्थ्यसचिव पोखरेलले भने ।

दोस्रो सत्रमा 'स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन तथा पलायनका चुनौतीहरू' विषयमा डा. भगवान कोइरालाले प्रस्तुति दिएका थिए । प्यानल संवादमा सांसदहरू गगन थापा, योगेश भट्टराई, देवेन्द्र पौडेल, डा. चन्दा कार्कीसहित चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष, डा. अञ्जनीकुमार झा, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष, डा. चोपलाल भुसाल, नेपाल नर्सिङ काउन्सिलका अध्यक्ष सरला केसी तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले भाग लिएका थिए । सांसद थापाले मेडिकल शिक्षा दिइरहेका कलेज तथा विश्वविद्यालयको गुणस्तरमा सरकारले ध्यान दिनुपर्ने अवस्था आएको बताए ।







पाँच महिनापछि हट्यो माइतीघर क्षेत्रको निषेधाज्ञा

आन्दोलनमा सरकारी सम्पत्तिको क्षति भएमा आन्दोलनकारीबाटै भराइने

नयाँ पत्रिका

गृह मन्त्रालयले माइतीघर क्षेत्रमा लगाएको निषेधाज्ञा हटाएको छ। सुरक्षा चुनौती विश्लेषणसमेतका आधारमा नयाँबानेश्वरको कृष्ण टावरसम्मको निषेधाज्ञा हटाइएको छ। तर, आन्दोलन तथा विरोध प्रदर्शनका क्रममा सार्वजनिक सम्पत्तिको क्षति भएमा सम्बन्धित व्यक्तिबाटै क्षतिपूर्ति तिराउने निर्णयसमेत गृह मन्त्रालयले गरेको छ। शान्तिपूर्ण आन्दोलन गर्ने नागरिकको अधिकारलाई ध्यानमा राखी यसरी निषेधाज्ञा खुकुलो बनाइएको गृह मन्त्रालयले जनाएको छ।

यससम्बन्धी निर्णयको जानकारी दिँदै उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आन्दोलनका क्रममा भएको वा हुने क्षतिको भर्पाईका लागि आयोजकलाई बिल पठाउने र सरकारी बाँकीसरह उठाउने निर्णय भएको जानकारी दिए।



'शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारप्रति सम्मान छ। यो लोकतन्त्रको सौन्दर्य हो। तर, आन्दोलनका क्रममा सार्वजनिक सम्पत्ति तोडफोड गर्न पाइँदैन,' उनले फेसबुकमा लेखेका छन्, 'त्यसैले आन्दोलनका क्रममा भएको वा हुने क्षतिको भर्पाईका लागि आयोजक (व्यक्ति, संस्था वा दल)लाई बिल पठाउने र सरकारी बाँकीसरह उठाउने निर्णय भएको छ। मैले कार्यकाल सुरु गरेपछिका प्रदर्शनका क्रममा भएका सार्वजनिक क्षतिको विवरण संकलन भइरहेको छ। बिल चाँडै पठाइनेछ।'

स्थानीय प्रशासन ऐनअनुसार सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनेलाई १० हजारसम्म जरिवाना र ६ महिनासम्म कैद सजायको व्यवस्था गरेको छ। सो प्रावधानअनुसार कारबाही हुने गृह मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

गत ४ मंसिरदेखि जिल्ला प्रशासन कार्यालय काठमाडौंले माइतीघरदेखि बानेश्वर क्षेत्रलाई निषेधित क्षेत्र तोकेको थियो।

आन्दोलनको मुख्य केन्द्र रहँदै आएको माइतीघरलाई निषेधित क्षेत्र तोकिएकोमा नागरिक समाजका अगुवाले समेत विरोध गरेका थिए। गृह मन्त्रालयको नेतृत्व फेरिएसँगै निषेधित क्षेत्र हटेको हो।



● **रवि लामिछाने**
उपप्रधानमन्त्री एवं गृहमन्त्री

शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारप्रति सम्मान छ। यो लोकतन्त्रको सौन्दर्य हो। तर, आन्दोलनको क्रममा सार्वजनिक सम्पत्ति तोडफोड गर्न पाइँदैन। त्यसैले आन्दोलनका क्रममा भएको वा हुने क्षतिको भर्पाईका लागि आयोजक (व्यक्ति, संस्था वा दल)लाई बिल पठाउने र सरकारी बाँकीसरह उठाउने निर्णय भएको छ। मैले कार्यकाल सुरु गरेपछिका प्रदर्शनका क्रममा भएका सार्वजनिक क्षतिको विवरण संकलन भइरहेको छ। बिल चाँडै पठाइनेछ।





त्रिविमा रेक्टर र रजिस्ट्रार नियुक्त

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रेक्टर र रजिस्ट्रार नियुक्त गरेका छन् । त्रिविका उपकुलपति प्रा.डा. केशरजंग बरालको सिफारिसमा प्रधानमन्त्रीले शुक्रबार रजिस्ट्रारमा प्रा.डा. केदार रिजाल र रेक्टरमा प्रा.डा. खड्क केसी नियुक्त गरेका हुन् । बरालका अनुसार त्रिवि ऐनअनुसार रेक्टर र रजिस्ट्रार पदमा उपकुलपतिले सिफारिस गर्ने व्यवस्था छ । सोहीअनुसार प्रधानमन्त्रीले नियुक्ति गरेका हुन् । रजिस्ट्रारमा नियुक्त भएका रिजाल वातावरण विज्ञान विभागका प्राध्यापक हुन् । केसी त्रिविको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक विभागमा कार्यरत छन् । दुवैजना विषयगत हिसाबले पोख्त भएकाले काम गर्न सहज हुने उपकुलपति बरालको भनाइ छ ।

गत ६ चैतमा सूचना जारी गर्दै त्रिविले रजिस्ट्रार र रेक्टरका लागि आवेदन खुला गरेको थियो । सोही आधारमा छनोट गरेर सिफारिस गरिएको थियो । आफूले सिफारिस गरेको व्यक्ति नै नियुक्त भएकाले काम गर्न सहज हुने उपकुलपति प्रा.डा. बरालले बताए । उनका अनुसार टिमले पूर्णता पाएसँगै अब त्रिविका कामकाज सहज हुनेछन् । तर, विद्यार्थी नेता र प्राध्यापकबाट हुने अवरोध भने चुनौतीका रूपमा रहेको उनले बताए ।

नयाँ पत्रिका १७ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामनाका साथै
नयाँ पत्रिका
राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
कमलेश अग्रवाल
अध्यक्ष
नेपाल चेम्बर अफ कमर्श
कान्तिपथ, काठमाडौं,
फोन नं. : ०१-५३३०५४७/५३३०५४१

Upper Tamakoshi Hydropower Ltd.
Annapurna Marga, Gyaneshwor, Kathmandu, Nepal

Salient Features	Upper Tamakoshi Hydroelectric Project	Rolwaling Khola Hydroelectric Project
Type of Development	Peaking Run-of-River (PRoR)	Run-of-River including Diversion
Location	Bagmati Province,Dolakha District, Bigu Rural Municipality Ward No.1	Bagmati Province, Dolakha District, Bigu Rural Municipality Ward No. 1 and Gaurishankar Rural Municipality Ward No.9
Headwork's Location	Bigu Rural Municipality Ward No.1, Lamabagar	Gaurishankar Rural Municipality Ward No.9
Powerhouse Location	Bigu Rural Municipality Ward No.1, Gongar Gaon	Bigu Rural Municipality Ward No.1, Lamabagar
Installed Capacity	456 MW	22 MW
Annual Energy	2,281 GWh	317 GWh including diversion
Gross Head	822m	207.18m
Design Discharge	66.0 m3/sec	13.4m3/sec
Settling Basins	2 Nos. L=225m	110*9.0*9.7m
Headrace Tunnel	8.4km (Cross Sectional Area =32.14m2)	6.2km
Power House (Underground)	142.0m*13.0m* 25.0m(L*B*H)	35*11.85*22m
Number of units	6	2
Tailrace Tunnel	2.9km (Cross Sectional Area =35.0m2)	740m
Access Road from Charikot of Dolakha District	68.0km	68.0km
Transmission Line	220Kv Double circuit,47.0km (Gongar to Khimti Substation)	8.35km Length, 33kV

MBL नारी शक्ति बचत खाता
समृद्ध नारी, सुरक्षाको जिम्मेवारी
*निःशुल्क DEBIT/CREDIT CARD
*निःशुल्क MBL M-Smart App तथा इन्टरनेट बैंकिङ्ग सेवा
*निःशुल्क DEMAT/MEROSHARE तथा साथै ABBS सुविधा
*LOCKER ५०%, २५% र १०% छुट
*शर्तहरु लागू हुनेछन् ।
माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

हाइप्रोफाइलहरू हिरासत पुगेको वर्ष

राजनीतिक शक्तिकै आडमा अपराधबाट जोगिन गाह्रो छ भन्ने सन्देश, पूर्वमन्त्री र सचिव जेलमा

नवराज मैनाली/नयाँ पत्रिका


कृष्णबहादुर महरा


बालकृष्ण खाण


टोपबहादुर रायमाझी


टेकनारायण पाण्डे

राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतीकरण गरेर शक्तिका आडमा जोगिन सकिन्छ भन्ने डरलाग्दो मान्यता ०८० सालमा एक हदसम्म कमजोर बनेको छ । यो वर्ष पहिलोपटक देशका उच्चपदस्थ व्यक्ति संगठित किसिमका अपराधमा प्रहरी हिरासत पुगेका छन् ।

केही कमजोरीका बाबजुद शान्तिसुरक्षा र अपराध अनुसन्धानका दृष्टिकोणले नेपाल प्रहरी ०८० सालमा सफल बनेको छ । हाइप्रोफाइल सम्मिलित घटनाका अनुसन्धानमा केही कमजोरी देखिए पनि समग्रमा यसले कानुन कार्यान्वयनका क्रममा अब राजनीतिक शक्तिकै आडमा जोगिन गाह्रो रहेको सन्देश दिएको छ ।

नक्कली भुटानी शरणार्थी, सुन तस्करी, बालुवाटार जग्गा हिनामिनाजस्ता चर्चित घटनाको यही वर्ष प्रहरीले अनुसन्धान टुंग्याएर अदालतमा अभियोजन गरेको थियो । यी तीनै घटनामा उच्चपदस्थ व्यक्तिहरू प्रतिवादी बनेका छन् । यद्यपि, यी घटनामा संलग्न अन्य कतिपय व्यक्ति जोगाइएको भन्दै प्रहरीमाथि प्रश्न पनि छ । यसबाहेक सहकारी ठगी, क्रिप्टो करेन्सीका नाममा भएका आर्थिक अपराध तथा अध्यागमनमा मौलाएको भिजिट भिसाको संगठित सञ्जालमाथि प्रहरीले अनुसन्धान गरेको छ ।

प्रहरी प्रवक्ता डिआइजी भीमप्रसाद ढकालका अनुसार ०८० सालमा ७३ वटा चर्चित घटनाको प्रहरीले सफल अनुसन्धान गरेको छ । 'लगभग सबैजसो घटनाको अनुसन्धानमा प्रहरी सफल भएको छ,' उनले भने, 'अपराध अनुसन्धान मात्र होइन, शान्तिसुरक्षा कायम गर्ने काममा पनि ०८० साल विगतमा भन्दा धेरै राम्रो भएको छ ।'

■ नक्कली शरणार्थी : पूर्वमन्त्री र सचिव जेलमा, तर अनुसन्धान अधुरै

प्रहरीले ०७९ को चैतबाटै नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै ठगी भएको उजुरीमा अनुसन्धान थालेको थियो । सुरुमा केही बिचौलिया पक्राउ गरी ठगी मुद्दामा अनुसन्धान सीमित हुन लागेको थियो । तर, बिचौलियाको आक्रोश र अनुसन्धानमा माथिल्लो तहसम्म पुग्ने केही प्रहरी अधिकारीको मत मिलेपछि अनुसन्धानले नयाँ मोड लियो ।

पक्राउ परेका बिचौलियाहरू सानु भण्डारी र केशव दुलालले बयानका क्रममा सर्वसाधारणबाट उठाएको पैसा लिने नेता र कर्मचारीको पोल खोलिदिए । सोही बयानका आधारमा २० वैशाखमा प्रहरीले सचिव टेकनारायण पाण्डे र एमाले नेता टोपबहादुर रायमाझीका छोरा सन्दीपलाई पक्राउ गरेपछि यो अनुसन्धानले तरंग ल्यायो । त्यसको सात दिनपछि पूर्वगृहमन्त्री बालकृष्ण खाण तथा ११ दिनपछि टोपबहादुर रायमाझीसमेत प्रहरी हिरासतमा पुगे ।

पहिलो चरणको अनुसन्धान पूरा गरी गत वर्ष १० जेठमा जिल्ला अदालत काठमाडौंमा संगठित अपराध, ठगी, राज्यविरुद्धको अपराध र लिखत किर्तेसम्बन्धी मुद्दा दायर गरिएको थियो । जसमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वसांसद आङटावा शेर्पा, पूर्वगृहसचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई, नेपाल हज कमिटीका अध्यक्ष शमशेर मियाँ, भुटानी शरणार्थी नेता टेकनाथ रिजालजस्ता 'हाइप्रोफाइल'लाई पक्राउ गरी मुद्दा दायर गरेको थियो । त्यसबाहेक गिरोहमा संलग्न सन्दीप रायमाझी, नरेन्द्र केसी, केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टंक गुरुङ, रामशरण केसी र गोविन्द चौधरीसहित १६ जना पक्राउ परेका थिए । १४ जनालाई फरार प्रतिवादी बनाइएकोमा उनीहरूमध्ये केही अझै फरार छन् ।

यो घटनामा केन्द्रीय भूमिका भएका बेचन झा अझै फरार छन् । प्रमाण नपुगेको आधारमा पहिलो चरणको अनुसन्धानमा जोगिएका नेतामाथि थप अनुसन्धान हुन सकेको छैन । पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीकसमेत एक वर्षसम्म पक्राउ परेका छैनन् ।

पूरक जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरिरहेको छ, तर थुनामा रहेका बिचौलियाहरूको बयान फेरिएको छ । साथै, पूर्वगृहमन्त्री खाणलगायत केही मुख्य आरोपी उच्च अदालतबाट धरौटीमा छुटेका छन् । खाणलाई धरौटीमा छाड्ने उच्चको आदेशविरुद्ध महान्यायाधिवक्ता कार्यालय दबाबकै कारण सर्वोच्च गएको छैन भने करिब एक महिना मात्र हदम्याद हुँदा पनि दोस्रो चरणको अनुसन्धानमा प्रगति हुन सकेको छैन ।

यद्यपि, यो घटना प्रहरी इतिहासकै 'हाइप्रोफाइल' अपराधमा पर्दछ । जसमा दुई ठूला पार्टीका शक्तिशाली नेता, निवर्तमान गृहसचिव, पूर्वसांसदजस्ता शक्तिशाली व्यक्तिलाई पक्राउ गरेर प्रहरीले मुद्दा दायर गरेको थियो । तर, थप उच्चपदस्थसमेत फस्ने भएपछि सरकारले अनुसन्धानमा आबद्ध एआइजी र दुई एसएसपीलाई सरुवा गरेर प्रहरीको मनोबल खस्काएको थियो ।

■ 'ब्रेक सु'को सुनले तरंग

भुटानी शरणार्थी प्रकरण टुंगिन नपाउँदै राजस्व अनुसन्धान विभाग र सशस्त्र प्रहरी बलले विमानस्थलबाट पास भएको करिब ६१ किलो सुन २ साउनमा बरामद गरेपछि थप हंगामा भयो । सुन तस्करीको अनुसन्धानमा जब चिनियाँ मूलका बेल्जियम नागरिक दावा छिरिङ साउनको दोस्रो साता पक्राउ परे, त्यसपछि यसमा राजनीतिक संलग्नतामाथि प्रश्न उठ्यो ।

दावाको माओवादीका नेतादेखि पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसम्मको निकटता देखियो । सोही आधारमा यसको स्वतन्त्र आयोगमार्फत छानबिन गर्न दबाब चर्काए । सोही आधारमा सरकारले राजस्व अनुसन्धान विभागबाट प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई अनुसन्धानको जिम्मा दियो । सिआइबीले ३१ भदौमा अनुसन्धान पूरा गरी मुद्दा दायर गऱ्यो, तर राजनीतिक नेक्सस पत्ता लगाउन सकेन ।

पछि पूर्वन्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा जाँचबुझ आयोग गठन भयो । आयोगलाई विद्युतीय चुरोटमा लुकाएर भएको सुन तस्करी घटनाको समेत छानबिनको जिम्मा दिइएको थियो । आयोगले गत १ चैतमा आफ्नो प्रतिवेदन बुझाइसकेको छ । जसमा विद्युतीय चुरोटमा सुन ल्याउने चिनियाँलाई सहयोग गरेको आधारमा पूर्वसभामुख कृष्णबहादुर महरालाई समेत पक्राउ गरेर मुद्दा चलाउन आयोगले सिफारिस गऱ्यो । सोहीअनुसार चैतको पहिलो साता महरा पक्राउ परे । कमजोर स्वास्थ्यका आधारमा उनलाई हाजिरी जमानीमा राखेर सिआइबीले अनुसन्धान गरिरहेको छ । महराका छोरा राहुल भने थुनामा छन् ।

यति ठूलो घटनाको अनुसन्धान गरेको सिआइबी आफैंले भने विश्वसनीयता गुमाउन पुग्यो । दुवै सुन प्रकरणको अनुसन्धानमा बदनियत राखेको भन्दै जाँचबुझ आयोगले तत्कालीन सिआइबी प्रमुख किरण बज्राचार्य, एसपी सञ्जयसिंह थापा र डिएसपीद्वय रुगम कुँवर र दुर्गा दाहाललाई कारबाही सिफारिस गरेको छ । उनीहरूलाई जिम्मेवारीबाट हटाएर गृहले कारबाही अघि बढाइसकेको छ । यसले सिंगो प्रहरी संगठनमाथि नै दाग लागेको छ । तस्करी गिरोहसँग निकटता देखिएका जीवन चलाउनेलाई भगाएर मुद्दा चलाएको आरोप सिआइबीका अधिकारीमाथि छ ।

■ ललितानिवास मुद्दाको किनारा

बालुवाटार जग्गा हिनामिनासम्बन्धी फौजदारी मुद्दा पनि यही वर्ष प्रहरीले किनारा लगायो । जसमा बहालवाला सचिव कृष्णकुमार राउत, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह तथा व्यवसायी मीनबहादुर गुरुङलगायत उच्चपदस्थ व्यक्तिलाई सिआइबीले पक्राउ गरेको थियो । तर, पूर्वअख्तियार प्रमुख दीप बस्नेतलगायत केही व्यक्ति शंकास्पद रूपमा फरार भएका थिए ।

तर, यो अनुसन्धान पनि विवादमुक्त भने हुन सकेन । प्रहरीले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल तथा बाबुराम भट्टराईलाई घरमै गएर बयान कागज गरेको थियो भने पूर्वमन्त्रीहरूलाई पनि पक्राउ नै नगरी मुद्दा चलाएको थियो । यसमा पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशीलगायतलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो । कर्मचारी र व्यापारीलाई दुई महिनासम्म थुनामा राखिएकोमा नेतालाई पक्राउ गर्न भने प्रहरीले चासो नै नदिएपछि प्रहरीको आलोचना भएको थियो । यद्यपि, यसमा सिआइबीले अख्तियारभन्दा विस्तृत अनुसन्धान गरी तीन सय ११ जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

■ बाँसबारी जग्गा हिनामिना

बाँसबारी जग्गा हिनामिनामा चौधरी समूहका अरुण चौधरीलाई पनि गत वर्ष प्रहरीले पक्राउ गऱ्यो । बाँसबारी छालाजुत्ता कम्पनीको जग्गा किर्ते गरेर खरिद गरेको अभियोग उनीमाथि थियो । यद्यपि, दबाबका कारण उनीहरू हाजिरी जमानीमा छुटेका छन् । उनका दाइ तथा उद्योगपति विनोद चौधरीसँग समेत सिआइबीले बयान लिएको छ । तर, अभियोजनको प्रक्रिया भने अघि बढ्न सकेको छैन ।

०८० सालमै कांग्रेसका सांसद सुनील शर्मादेखि विवादास्पद धर्मगुरु रामबहादुर बम्जनसम्म पक्राउ परे । एमबिबिएस पढ्दा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको अभियोग शर्मामाथि छ । यद्यपि, अदालतले उनलाई थुनामा नराखी अनुसन्धान गर्न आदेश दियो । जसअनुसार उनीमाथिको अनुसन्धान रोकिएको छ । उनीविरुद्ध नेपाल मेडिकल काउन्सिलले नै जाहेरी दिएको छ ।

त्यस्तै, आफ्नै शिष्यहरूलाई बलात्कार गरेको तथा बेपत्ता बनाएको अभियोग लागेका धर्मगुरु रामबहादुर बम्जन पनि पक्राउ परी हाल कारागारमा छन् ।

■ भिजिट भिसामा संगठित ठगी

०८० सालको अर्को चर्चित मुद्दा भिजिट भिसामा हुने संगठित ठगीसम्बन्धी हो । जसमा प्रहरीले अध्यागमन अधिकृत नरवीर खड्कालाई दुई लाख लिँदै गर्दा पक्राउ गरेको थियो । जसमा थप अधिकृतको समेत संलग्नता देखिएपछि प्रहरीले उनीहरूविरुद्ध संगठित अपराध मुद्दा दायर गऱ्यो । अध्यागमनका अधिकृतहरू ताराबहादुर कुँवर, कुशल बराल, विष्णु आचार्य, शैलेन्द्र ढकाल, विमल पौडेल, विकास डंगोल, पीताम्बर रिमाल र सुजन फागोसमेत छन्

त्यस्तै, सहकारी ठगीसम्बन्धी अनुसन्धानमा पनि प्रहरीले यो वर्ष धेरै समय खर्चिएको छ । हाल गृहमन्त्री रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने ग्यालेक्सी टिभीमा सञ्चालक हुँदा केही सहकारीबाट कम्पनीले ऋण लिएर नतिरेको भन्दै उनीमाथि समेत छानबिनको माग उठिरहेको छ । सहकारी ठगीका मुख्य नाइके जिबी राईलगायत भने फरार छन् । सहकारीमा अहिलेसम्मकै ठूलो शिव शिखर सहकारी ठगीको सिआइबीले गत वर्ष अनुसन्धान गरी मुद्दा दायर गरेको थियो ।

प्रहरी प्रवक्ता भीमप्रसाद ढकालका अनुसार एक वर्षमा एक सय ४९ वटा सहकारी ठगीका उजुरी परेका छन् । जसमा कतिपयको अनुसन्धान पूरा भइसकेको छ भने कतिपयमा अनुसन्धान जारी छ । अपराध गरेर विदेश भागेका १३ जनालाई यो अवधिमा विभिन्न देशबाट पक्राउ गरी प्रहरीले नेपाल ल्याएको छ ।

वर्षौंदेखि फरार रहेका तत्कालीन माओवादी लडाकु कालीबहादुर खाम यही वर्ष पक्राउ परे । ०६५ सालमा रामहरि श्रेष्ठको अपहरणपछि हत्या घटनामा उनको संलग्नता खुलेपछि खाम १५ वर्षसम्म फरार थिए । जिल्ला प्रहरी परिसर, काठमाडौंले गत २० चैतमा उनलाई पक्राउ गरेकोमा उनी जेल चलान भएका छन् । यसबाहेक अर्बौंका क्रिप्टो कारोबार तथा हुन्डीका मुद्दा प्रहरीले दायर गरेको छ ।

सहकारीको रकम हिनामिना प्रकरणमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दिपेश पुन पक्राउ परे । दिपेश माओवादी निकट अनेरास्ववियु क्रान्तिकारीका महासचिवसमेत हुन् । सिआईबीले उनलाई काठमाडौंमा पक्राउ गरी रुपन्देही पठाएको छ । सहकारीको रकम अपचलनमा उनीमाथि सिआईबीले अनुसन्धान गरिरहेको छ । पूर्वउपराष्ट्रपति पुनका छोरासमेत पक्राउ परेको घटना ०८० को प्रमुख घटना मानिएको छ ।

■ ०८० सालमा धेरै उपलब्धि हासिल गरेका छौं


डिआइजी **भीमप्रसाद ढकाल**
प्रहरी प्रवक्ता

शान्तिसुरक्षा तथा अमनचयन र अपराध अनुसन्धानमा ०८० सालमा धेरै उपलब्धि हासिल गरेका छौं । धेरैवटा चर्चित घटनाको सफल अनुसन्धान भएको छ । ७३ वटा चर्चित घटनाको अनुसन्धान नेपाल प्रहरीले गरेको छ । कानुनले दिएको जिम्मवारीको पालनामा फिल्डदेखि केन्द्रसम्म सबै जिम्मेवार भएका लागेका छन् ।

प्रहरीमा नागरिक केन्द्रित र इमानदार भएर काम गर्ने सकारात्मक संस्कृतिको सुरुवात भएको छ । साम्प्रदायिक दंगाको जोखिमको पनि समयमै मूल्यांकन गरेर त्यसलाई रोक्न सफल भएका छौं ।

एक वर्षको अवधिमा १० हजार ६ सय ६३ फरार अपराधी पक्राउ परेका छन् । करिब ६ अर्ब राजस्व उठाउन पनि प्रहरीले योगदान दिएको छ । नीतिगत रूपमा पनि धेरै काम भएका छन् । नयाँ प्रहरी ऐनको मस्यौदा गृहमा बुझाइसकेका छौं । सचेतनामूलक कार्यक्रमहरू वृद्धि गरिएको छ । जसले प्रहरीप्रति नागरिकको विश्वास अझै बढेको छ । दुईवर्षे कार्ययोजनाका लक्ष्यअनुसार ८० प्रतिशत सफल भएको छ ।



कान्समा भारतीय फिल्म

पायल कपाडियाको निर्देशनमा बनेको 'अल वी इमेजिन एज लाइट' कान्स अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा छनोट भएको छ। फिल्म एक नर्सको जीवनमा आधारित छ। सन् २०२१ मा पायलको डकुमेन्ट्री 'अ नाइट अफ नोइङ नोथिङ'ले कान्समा गोल्डेन आई अवार्ड जितेको थियो।





हरर फिल्ममा आयुष्मान

निर्देशक अनिश बज्मी अहिले 'भुल भुलैया ३'को सुटिङमा व्यस्त छन्। भारतीय सञ्चारमाध्यमका अनुसार उनी हरर कमेडी फिल्म बनाउने तयारीमा पनि छन्। भुतियापा नामको यस फिल्ममा आयुष्मान खुराना मुख्य भूमिकामा हुनेछन्।

साहसिक पर्यटनका लागि सोक्ला भ्याली



सोक्लामा रक क्लाइम्बिङ, वाल क्लाइम्बिङ, प्याराग्लाइडिङ, साइक्लिङलगायत साहसिक गतिविधिको मजा लिन सकिन्छ

दोलखा जिल्लाको भीमेश्वर नरपालिका- २ मा पर्ने सोक्ला गाउँ कृषि पर्यटन, इको पर्यटन, साहसिक पर्यटन, चरा पर्यापर्यटन र धार्मिक अध्ययन-अनुसन्धानका लागि प्रसिद्ध छ। यहाँबाट गौरीशंकर हिमालको मनोरम दृश्यावलोकन गर्न सकिन्छ। गङरास, चक्पा, डिलढुंगा, फुलपा, नेगल, डाँडागाउँ, खेलाप र नागदह क्षेत्र सोक्ला भ्यालीभित्र पर्दछन्। तामाङ समुदायको बाक्लो उपस्थिति रहेको यस क्षेत्रमा थामी, खत्री, खड्का, बस्नेत, दाहाल, नेवार, दलित, मगरलगायत विभिन्न जातिको बसोवास छ।



सञ्जीव गुरुङ
अध्यक्ष, माउन्टेन गाइड एसोसिएसन नेपाल

सामाजिक सहकार्य, धार्मिक सहिष्णुता र आपसी मेलमिलाप सोक्ला भ्यालीको सुन्दर पक्ष हो। यहाँ बसोवास गर्ने आदिवासी जनजातिको आफ्नै भाषा, मौलिक संस्कृति र परम्परा छन्। यस क्षेत्रमा रक क्लाइम्बिङ, वाल क्लाइम्बिङ, प्याराग्लाइडिङ, साइक्लिङलगायत साहसिक गतिविधिको मजा लिन सकिन्छ। ४२० मिटर उचाइमा रहेको सोक्ला गुमडाँडाको भिरमा रक क्लाइम्बिङ गर्नका लागि पछिल्लो समय स्वदेशी र विदेशी पर्यटक लालयित हुने गरेका छन्।

कसरी पुग्ने ?

काठमाडौंबाट सोक्ला भ्याली पुगेर फर्कनका लागि तीन दिन छुट्याए हुन्छ। पहिलो दिन झन्डै पाँच घण्टाको यात्रा गरेर चरिकोट पुग्न सकिन्छ। चरिकोटमा प्रशस्तै होटेल भएकाले त्यहीं वास बस्न सकिन्छ। दोस्रो दिन उठेर दोलखा भीमसेन दर्शन गर्ने, खाना खाएपछि एक घण्टा ३० मिनेट पैदल ओरालो लागेर सोक्ला रक स्पट पुग्न सकिन्छ। दिनभर रक क्लाइम्बिङ गरेर बेलुकी होमस्टेमा वास बस्न सकिन्छ। तेस्रो दिन दुई घण्टा उकालो पैदल यात्रा गरेर दोलखा बजार आइपुग्ने र खाना खाएपछि काठमाडौं फर्कन सकिन्छ।

'बोरा' उपन्यास लिएर आए पत्रकार भण्डारी

काठमाडौं/ लेखक तथा पत्रकार अखण्ड भण्डारी नयाँ उपन्यास 'बोरा' लिएर आएका छन्। शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा 'बोरा' लोकार्पण गरिएको छ। उपन्यासमा नेपाली समाजमा वृद्ध आमाबुबाप्रति सन्तानले गर्ने व्यवहार र परित्यक्त आमाको मनोविज्ञान चित्रण गरिएको भण्डारीले बताए। बोरा आफ्ना सन्तानबाट अपहेलित भएकी एउटी आमाको कथामा आधारित भएको उनले बताए।



पत्रकार भण्डारीले यसअघि 'मलाया एक्सप्रेस' उपन्यास लेखिसकेका छन्। 'बोरा सत्य घटनामा आधारित उपन्यास हो। हाम्रो समाजमा बढिरहको अत्यन्तै ठूलो अन्याय, पाप र अपराधको विषय बोराभित्र छ। आफ्नै छोराले बोरामा हालेर फ्याँकिएको आमा भेटाएको वास्तविक परिस्थितिलाई समेटिएको छ,' उनले भने।

उपन्यास वास्तविक घटनामा आधारित भए पनि पात्र र परिवेश फेरिएको भण्डारीले बताए। 'मैले भेटेको यथार्थको पात्र, परिवेश र समय भने फेरिएका छन्। तर, यो उपन्यास यथार्थमा आधारित भएर लेखिएको काल्पनिक पनि हो। उपन्यासमा आमा कहिल्यै रोएकी छैनन्। छोराले बोरामा हालेर फ्याँके पनि त्यो छोराप्रति कुभलो कहिल्यै चिताउँदिनन्। आमालाई बुझ्न पनि यो उपन्यास पढ्नुपर्छ,' उनले भने। पिसबुक प्रालिद्वारा प्रकाशित उपन्यास ४७० पृष्ठको छ।





ग्लोबल गभर्नेन्स : अस्तित्व संकटमा तेस्रो विश्व

शक्तिराष्ट्रहरूले शक्तिशाली अन्तर्राष्ट्रिय संस्था प्रयोग गरी अशान्तिको बीज छरेर कमजोर तथा भूराजनीतिक महत्त्वका देशलाई खण्डहर बनाइरहेका छन्



● शान्ता मरासिनी

अग्रलेख

दुई विश्वयुद्धमा १० करोडभन्दा बढी मान्छे मारिए। पश्चिमा सम्पन्न राष्ट्रको शक्ति संघर्षले निम्त्याएको पहिलो र दोस्रो विश्वयुद्धको विभीषिकाबाट क्षत् विक्षत् राष्ट्रहरू आफ्नै अस्तित्वको खोजीमा थिए। तत्कालीन युद्धविजेता शक्तिराष्ट्रहरूले यसैलाई मौकाका रूपमा लिई चलाखीपूर्ण रूपमा तत्काल राहत र पुनर्निर्माणका लागि भन्दै मास्टर प्लान र मार्सल प्लानका नाममा आशा जगाई विकासका पूर्वाधार ध्वस्त भएको घाइते जर्मनीलगायत राष्ट्रलाई विकासको पूर्वाधारमा सहयोग जुटाउने घोषणा गरे। यससँगै विश्वशान्ति कायम गर्न, विश्वव्यापी मानवअधिकारको रक्षा गर्न तथा तेस्रो विश्वयुद्धको जोखिमबाट राष्ट्रहरूलाई बचाउन टाठाबाठा नेताले विश्वका सबै देशलाई समेट्न 'लिग अफ नेसन्स' हुँदै संयुक्त राष्ट्रसंघ स्थापना गर्न सफल भए। विश्वयुद्धका नकारात्मक प्रभावका रूपमा रगतको आहाल, आणविक विषाक्तको अमानवीय प्रयोग, हिंसा, हत्या र महिलामाथिको चरम शोषण, दासदासीका रूपमा मानिसको किनबेचजस्ता अत्यन्तै अमानवीय व्यवहार देखिन थाले। परिणामतः तेस्रो विश्वयुद्धको सम्भावना नजिक देखिन थाल्यो। जापानको नरसंहार मानव चोलाको कलंक नै थियो।

यसै पृष्ठभूमिमा स्थापित सबै राष्ट्रहरूको पनि राष्ट्र संयुक्त राष्ट्रसंघले वास्तवमा त्यतिबेला युद्धमा हार्ने राष्ट्रहरूलाई अर्को युद्धमा जानबाट रोक्ने सामर्थ्य राख्यो। यसलाई यसको जन्मको सार्थकता नै मान्नुपर्छ। यसै क्रममा यसले बनाएका विषयगत अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा प्रोटोकलहरूले सदस्य राष्ट्रलाई यसमा आबद्ध गरे। शीतयुद्धको अन्त्य, सन् १९८० ताका विश्व परिवेशमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय र मानवीय आयाममा 'इनोभेसन' र 'रिसर्च'ले धेरै नयाँ विषय क्षेत्रलाई अगाडि ल्याइदियो। यसलाई पश्चिमाहरूले विश्व राजनीतिमा लोकतान्त्रीकरण, अर्थतन्त्रमा उदारीकरण र सेवाप्रवाहमा निजीकरणको भव्य नारा बनाई अगाडि ल्याएर आफ्ना पखेटा पूर्वतर्फ फैलाउँदै गए। यसले गर्दा विश्वका देशका शासकीय स्वरूपको 'इन्टरफेस' बदलिन थाल्यो। नेपाल पनि 'ग्लोबल गभर्नेन्स'को पक्ष राष्ट्र हो।

समयको अन्तरालमा युएनले धेरै संस्था खडा गर्दै विश्व शासन चलाउन थाल्यो। यसैबीच विश्वव्यापी मानवअधिकार, जनताको भोक र द्वन्द्वको अन्त्यजस्ता एजेन्डा बोकेर विश्वका देशलाई 'ग्लोबल भिलेज'को संज्ञा दिइयो। दोस्रो विश्वयुद्ध समाप्तिमा योगदान गरेका शक्तिराष्ट्रले आजसम्म शक्ति प्रदर्शन गरिरहेकै छन्। विश्वशान्ति कायम गर्ने निहुँ पारी 'ग्लोबल गभर्नेन्स'का नाममा शक्तिराष्ट्रहरूको पहलमा संयुक्त राष्ट्रसंघका धेरै संस्था संसारभर स्थापित भए। तर, आज स्थिति भिन्न बन्यो। क्षेत्रीयतालेे प्रश्रय पाउँदै गयो। गैरसरकारी संस्थाको बढ्दो बाहुल्यले युएन तथा यसका संस्थाहरूले काम गर्न छाडे। सहायता परिचालन यिनै संस्थामार्फत हुन थाल्यो। सहायता रकमले 'भ्यालु फर मनी' सिर्जना गर्न सकेन। आय असमानता बढ्दै गयो। विश्व उदारीकरणले अन्तर्राष्ट्रिय संस्थाको पन्जाबाट ग्लोबल गभर्नेन्स फुत्किएको। यसलाई अफगानिस्तानको तालिवान शासन, रुस-युक्रेन युद्ध, इजरायल-प्यालेस्टायन द्वन्द्व र त्यहाँका बालबालिकाले बाँच्न पाउने अधिकारको याचनाका लागि गरेको चीत्कार सुने पुग्छ। तर, ग्लोबल गभर्नेन्स कहाँ छ, के गर्दै छ र कहिले बोल्ने हो ? प्रश्न अनुत्तरित छ।

हाल धरै अन्तर्राष्ट्रिय संगठनले ग्लोबल गभर्नेन्सको नेतृत्व गरिरहेको दाबी गर्छन्। यसबीच शक्तिराष्ट्रहरूले शक्तिशाली अन्तर्राष्ट्रिय संस्थाको प्रयोग गरी अशान्तिको बीज छरेर कमजोर तथा भूराजनीतिक महत्त्वका देशलाई खण्डहर बनाइरहेका छन्। आज यस्ता संस्थाको आधिकारिकता र विश्वसनीयता कमजोर हुँदै अस्तित्व नै संकटमा पुगेको छ।

मध्यपूर्वी राष्ट्रहरूको राजनीतिलाई शक्तिराष्ट्रले खेलाइरहेका बेला अमेरिकाले इराक र सिरियाका ८० ठाउँमा हवाई आक्रमण गरेको छ। इरान, इराक र सिरियाले अमेरिकी ज्यादतीको कडा निन्दा गरेका छन्। यस्तो कार्य सार्वभौमसत्तामाथिको हमला भएको बताएका छन्। यसबाट जनसाधारणलाई अपूरणीय क्षति पुगेको छ। सर्वसाधारण र बालबालिका मारिएका छन्। मानवअधिकारको चरम उल्लंघन भएको छ। यस्तोमा यसको सुनुवाइ गर्ने गभर्नेन्स कहाँ छ ?



पछिल्लो समयलाई हेर्दा विगत १२ वर्षमा अमेरिका युक्रेनको भुमरीमा फसेको देखिन्छ। आजको स्वतन्त्र विश्वमा विभिन्न देशका निर्दोष नागरिक अनाहकमा मारिइरहेका छन्। प्यालेस्टाइन-इजरायल गाजा युद्धमा चार सय सैनिक र ३० हजार नागरिक अनाहकमा मारिएका छन्। कति देश टुक्रिएका छन् त कति गृहयुद्धमा फसेका छन्। यति धेरै मानवअधिकारको हनन भएका छन्। अफगानिस्तानमा छोरीहरू स्कुल जानबाट रोकिएका छन्।

द्वितीय विश्वयुद्धमा करोडौँ मानिस मारिएका र खर्बौं डलरबराबरको भौतिक क्षति भएको पृष्ठभूमिमा सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भयो। शक्तिशाली राष्ट्रले यसलाई विश्वकै नेतृत्वदायी संस्थाका रूपमा विकास गर्ने उद्देश्य राखी ग्लोबल गभर्नेन्सका रूपमा अगाडि बढाउने प्रयास गरे। ग्लोबल गभर्नेन्सको रिडभित्रका अन्तर्राष्ट्रिय संस्थाले गर्ने प्रशासनले राष्ट्रिय सरकार र संस्थालाई प्रत्यक्ष प्रभाव पार्छन्। यसका चार प्रमुख उद्देश्यमा विश्वशान्ति, मानवअधिकारको संरक्षण, अन्तर्राष्ट्रिय कानुनको पालना र स्वतन्त्र वातावरणमा मानवजातिको आर्थिक-सामाजिक रूपान्तरण हो।

भर्खरै मस्कोमा इस्लामिक स्टेटले गरेको आक्रमणमा झन्डै डेढ सयको ज्यान गयो। दुई वर्षदेखि जारी रुस-युक्रेन युद्धमा ३१ हजारभन्दा बढी युक्रेनी सेना मारिएको दाबी गर्छ युक्रेन। गत अक्टोबरदेखि सुरु भएको इजरायली सेना र प्यालेस्टायनी विद्रोही समूह हमासको नरसंहारकारी युद्धमा १४ सय इजरायली र ३१ हजारभन्दा बढ्ता प्यालेस्टायनी मारिए, जसमा ६ हजार निरीह बालबालिका छन्। यस्तो संवेदनशील अवस्थाको समाधान दिन वास्तवमा विश्वव्यापी शासन र यसका जिम्मेवार संस्था असफल देखिए। यसको प्रभावमा तेस्रो विश्व अस्तित्व संकटमा परेको चर्चा चल्न थालेको छ।

> अन्तर्राष्ट्रिय संस्थाको पञ्जाबाट ग्लोबल गभर्नेन्स फुत्किएको उदाहरण खोज्न अफगानिस्तानको तालिवान शासन, रुस-युक्रेन युद्ध, इजरायल-प्यालेस्टायन द्वन्द्व र त्यहाँका बालबालिकाले बाँच्न पाउने अधिकारको याचनाका लागि गरेको चीत्कार सुने पुग्छ

आलोचना : प्रसंग विश्व शासनकै छ। स्विट्जरल्यान्डको राजधानी जेनेभालाई 'डिप्लोम्याटिक मिसन'को राजधानी भनिन्छ। संसारभर उच्चतम पारिश्रमिक हुने गतिला भनिएका संस्था र उच्च हैसियतका मानिस बस्ने सहर वास्तवमै अत्यन्तै सुन्दर छ र यो विश्वको महँगो सहरसमेत हो। जहाँ ग्लोबल गभर्नेन्स अर्थात् विश्व शासनका अधिकांश संस्थागत संरचना विराजमान छन्। जहाँ संयुक्त राष्ट्रसंघको स्थायी नियोगदेखि बौद्धिक सम्पत्ति अधिकार संगठन, मानवअधिकार आयोग, अन्तर्राष्ट्रिय अदालत, विश्व स्वास्थ्य संगठन, विश्व खाद्य संगठन, युएन ओमन, युनेस्को, आइएलओ, आइओम, डब्लुटिओजस्ता विश्व शासनसम्बद्ध अन्तर्राष्ट्रिय संस्था रहेका छन्। यसले के देखाउँछ भने ग्लोबल गभर्नेन्स त शक्तिशालीहरूको संस्था हो र यसमा आबद्ध शासक विलासी जीवन बिताइरहेका छन् भनी आलोचना हुने गरेको सुनिन्छ।

प्रकृतिमाथि मानिसले गरेको शोषण र दोहनले निम्त्याएका विश्वव्यापी प्रकोप र संकटको सामना संसारभरका नागरिकले आफ्नै बलबुताले गरिरहेकै हुन्। तर, आज राष्ट्र-राष्ट्रबीच, विद्रोही पक्ष र राज्यबीच, स्रोत उपयोगबीच विश्वमा ठूला र साना तथा सम्पन्न राष्ट्रबीच मनमुटाव र द्वन्द्व बढेका छन्। यसको सबैभन्दा ठूलो असर मध्यपूर्वी एसियामा परेको देखिन्छ।

संयुक्त राष्ट्रसंघले रुस-युक्रेन युद्ध वा अरब-इजरायल द्वन्द्व या अरू यस्तै द्वन्द्वमा प्रभावकारी भूमिका खेल्न सकेको छैन भनी सर्वत्र आलोचना भइरहनुका पछाडि संयुक्त राष्ट्रसंघका ठूला र शक्तिशाली सदस्यको दादागिरी जिम्मेवार छ।

अन्त्यमा : वास्तवमा कतिपय विषय संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का स्थायी सदस्यको विशेषाधिकार (भिटो पावर) का कारण रोकिएको पनि हुन्छ। हाल रुस-युक्रेन तथा अरब-इजरायल युद्धमा पनि भएको त्यही हो- शक्तिराष्ट्रहरूको विभाजित मानसिकता। तर, यस्ता कठिन विषयमा पनि नेपालको नीति स्पष्ट छ। हामी साना मुलुकमाथि ठूलो मुलुकले गरेको आक्रमणको सदा खुलेर विरोध गर्छौं र शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्छौं। हामी असंलग्न आन्दोलनका पक्षधर हौं भनिरहँदा इराकमा नेपालीका टाउका काटी हत्या हुँदासमेत संयमित हुने र कामका लागि अर्काका देशमा गएकाहरू लगातार मारिनुले हामीले पीडाबोध गर्नेबाहेक बोलेर सुनुवाइ हुने ठाउँ छैन। नेपालका लागि ग्लोबल गभर्नेन्सले के दियो त ?

विविध विषयगत क्षेत्रीय संगठनको स्थापना विकास र तीव्र विस्तारलाई मध्यनजर गर्दै विश्वशान्ति, विकास र समृद्धिको एकल सपना साकार पार्न अब ग्लोबल गभर्नेन्स आबद्ध अन्तर्राष्ट्रिय संस्थाको उद्देश्य पूरा भयो कि भएन भन्ने विषयमा समीक्षा गर्न ढिला गर्नुहुँदैन। यस प्रसंगमा असंलग्न आन्दोलनले तेस्रो विश्वको रूप लिन बेर छैन।

युएनलगायत संस्थामाथि वैदेशिक सहायता खर्च गर्ने माध्यम बनेको आरोप छ। त्यसैले, ग्लोबल गभर्नेन्स सम्बद्ध संस्थाको पुनर्संरचना र उद्देश्य पुनः परिभाषित गर्दै यिनलाई आफ्ना उद्देश्यकेन्द्रित, परिणाममुखी र चुस्त बनाउनैपर्छ। हाल चलिरहेका युद्ध रोक्नेतर्फ ग्लोबल गभर्नेन्सलाई भूमिका सशक्त बनाउन शक्तिराष्ट्रहरू संमयमित, मानवीय संवेदनायुक्त र मानवअधिकारप्रतिको वचन र व्यवहार कार्यान्वयनमा इमानदार हुनैपर्छ।

(मरासिनी नेपाल सरकारका उपसचिव हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडा**लाई



वर्ष २०८० राजनीतिक दृष्टिले कस्तो रह्यो ?

वर्ष २०८० को राजनीति अस्थिरता र अवसरवादको भुमरीमा रुमल्लिइरह्यो। यस वर्षमा भ्रष्टाचारका ठुला ठुला मुद्दा सतहमा आए। तर, राजनीतिक दलका नेता र तिनका आसेपासेको संलग्नताका कारण त्यस्ता मुद्दामा कसैमाथि कारबाही हुन सकेन। खालि हल्लाखल्ला मात्रै बढी भयो। नयाँ भनिएका दलप्रतिको विश्वास पनि छोटो अवधिमै खण्डित भयो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा जाने लिगलिगे दौडमा लागिरह्यो। नागरिक उन्मुक्ति टुटफुटकै डिलमा पुगेको छ। उता जनमतले पनि खासै बलियो उपस्थितिको आभास दिलाउन सकेको छैन।

जनताको स्तरबाट हेर्दा चाहिँ वर्ष २०८० को राजनीति कस्तो रह्यो नि ?

जनताका लागि पनि आशा गर्न सकिने या सन्तोष गर्न सकिने केही पनि भएन, देखिएन। आर्थिक सूचकांक लगातार निराशाजनक रह्यो। कामको खोजीमा विदेश जाने युवाको संख्या घट्नुको साटो झनै बढ्यो। बिदेसिनेको संख्या बढ्नाले रेमिटेन्स बढेको देखिए पनि अन्य सबै सूचकांक निराशाजनक रहे। महँगीको 'ग्राफ' निरन्तर उकालिइरह्यो। यस्तोमा जनताका लागि के उपलब्धि भयो भन्नु खै ?

आगामी वर्षको राजनीति कस्तो रहने अपेक्षा गर्नुभएको छ ?

आगामी वर्ष पनि यही संसद्को अवधिभित्रको वर्ष हो। यसले गर्दा देशको राजनीति संग्लिने, राम्रो हुने र सही 'ट्र्याक' मा हिँड्ने कुनै गुन्जायस नै छैन। यस वर्षको अविश्वास, सत्ताको छिनाझप्टी, खिचातानी, भ्रष्टाचार आदिले निरन्तरता पाउने देखिन्छ। त्यसैले, राजनीतिक रूपमा वर्ष २०८१ पनि वर्ष २०८० कै निरन्तरताको वर्ष बन्ने बढी नै सम्भावना देखिन्छ।

प्रेरक प्रसंग

गुरु-शिष्यको संवाद

उहिल्यै प्राचीन कालमा कोसी नदीको किनारमा एक ज्ञानामृत नामका साधुको आश्रम थियो। उनको आश्रममा थुप्रै शिष्य ज्ञानको खोजीमा आउँथे। गुरु ज्ञानामृत कठोर अनुशासनमा बस्थे। उनी सुकेको परालमा सुत्थे। शाकाहारी भोजन गर्थे। दैनिक कठोर साधनामा लीन हुन्थे। उनको ज्ञान र तपस्वीसमान जीवनको निकै टाढाटाढासम्म चर्चा हुने गर्थ्यो। ज्ञानामृतको त्यस्तो कठोर साधना तथा संयमित दिनचर्याबाट प्रभावित भएर उनका एक शिष्य ज्ञानभद्रले उनको अनुसरण गरेर छिटै ज्ञानमा निपुण हुने विचार गरे। यस्तो विचार मनमा आउनासाथ उनले पनि गुरुले झैं सुकेको परालेलाई आफ्नो शय्या बनाए। खानपिनमा सुधार गरे। साधनामा पनि लीन भएजस्तो गर्न थाले। उनको दैनिक व्यवहारमा निकै परिवर्तन देखिन थाल्यो। उनी पढाइतिर भन्दा पनि गुरुको बाहिरी आवरण र बानीबेहोराको नक्कलमा जुटिरहे। यो सब अनुभूत गरिरहेका ज्ञानामृतले उनीसित सोधे– बाबु ज्ञानभद्र, हिजोआज तिमीमा निकै परिवर्तन आएको महसुस गरिरहेको छु। यो सब के भइरहेको छ ? गुरुको प्रश्न सुनेपछि शिष्य ज्ञानभद्रले विनम्रतापूर्वक भने– गुरु म हजुरजस्तै बनेर छिटै ज्ञानमा निपुण हुन चाहन्छु। यी हेर्नुहोस् त, यी मेरा श्वेत वस्त्रले मेरो विशुद्ध ज्ञानको खोजीलाई दर्साउँछन्। मेरो शाकाहारी भोजनले मेरो शरीरमा सात्विकता वृद्धि हुनेछ। र, सुख, सुविधाबाट टाढै बस्ने मेरो दैनिकीले मलाई आध्यात्मिक पथमा अग्रसर गराउनेछ। ज्ञानभद्रका कुरा सुनेपछि गुरु मुसुक्क मुस्कुराए र आफ्ना शिष्यलाई लिएर उनी खेततिर लागे। त्यहाँ एउटा सेतो घोडा चरिरहेको थियो। गुरुले सो घोडालाई देखाउँदै शिष्यसित भने– तिमीले यो घोडालाई देख्यौ ? यसको रौं सेतो छ। यो केवल घाँस, दाना र पानी मात्र खान्छ। तबेलामा परालमाथि नै सुत्छ। के तिमी यस घोडामा अलिकति पनि साधुता देख्छौ ? के तिमीलाई लाग्छ कि भविष्यमा यो घोडा छिटै ज्ञानमा पूर्ण हुनेछ ? त्यसैले, तिमीले मेरो बाहिरी आवरण र आचरणको नक्कल गर्ने होइन, अध्ययन कार्यमा मन लगाऊ अनि मात्र तिमी महान् विद्वान् बन्न सक्छौ। गुरुको भनाइले ज्ञानभद्रका आँखा खुले।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेताहरूलाई लाज हुँदैन हो ?

भागबन्डा मिलाउन गण्डकीमा मन्त्रालयको संख्या सातबाट नौ पुऱ्याइएछ। के मन्त्रालय हाम्रा नेताहरूको पुख्यौंली सम्पत्ति हो ? जति भाइ हुन्छन्, ती सबैमा बाँडीचुँडी अंश लगाउनैपर्ने हो ? एउटा मन्त्रालय फुटाउँदा देशको ढुकुटीबाट वार्षिक कति खर्च हुन्छ भन्ने कुनै नेताले हिसाबकिताब गरेका होलान् र ? हुन त तिनलाई हिसाब गर्ने पनि कहाँ आउँछ र ? भागबन्डा मिलाउन मन्त्रालय फुटाउनेजस्तो निकृष्ट काम अर्को हुनै सक्दैन। के एक दुई थान नेतालाई मन्त्री बनाइएन भने देश डुब्छ हो ? मुख्यमन्त्री खगराज अधिकारीले यस प्रश्नको जवाफ दिन सक्नुपर्छ।

● **सुलोचना पहाडी**, चिप्लेढुंगा, पोखरा

डढेलो लगाउनेलाई कारबाही गर

'मधेशका वनमा जतातते डढेलो' शीर्षकको समाचार पढियो। यो मधेशको मात्र समस्या होइन। सुक्खायाम आउनासाथ हरेक वर्ष देशैभरका वनजंगलमा देखिने रोग हो यो। वनजंगलमा घाँसदाउरा गर्नेलाई वन प्रशासनले अनेक झमेला सिर्जना गरेर दुःख दिन्छ। तर, सिंगो वन र कतैकतै मानव बस्तीसमेत सखाप पार्ने गरी डढेलो लगाउनेलाई खोज्दा पनि खोज्दैन र कारबाही पनि गर्दैन। अनि किन नलागोस् त डढेलो ? डढेलो लगाउनेलाई खोजेर कडा कारबाही गर।

● **अच्युत शर्मा**
पुल्चोक, ललितपुर

खुसीको समाचार

ताप्लेजुङ जिल्लाको दुर्गम गाउँ ओलाङचुङगोलामा गाडी पुगेको समाचार पढ्दा खुसी लाग्यो। कतै कुनै दुर्गम गाउँबस्तीको उदाहरण दिनुपऱ्यो भने ओलाङचुङगोलाको नाम लिने चलन नै बसिसकेको छ हाम्रो समाजमा। तर, मोटरबाटो पुगेपछि त्यही अति दुर्गम ओलाङचुङगोला पनि अब दुर्गम रहेन। अब यो बाटो बर्खामासमा पनि सञ्चालन हुन सक्ने गरी स्तरोन्नति गरेर तिब्बतसितै जोड्न सकियो भने यसको उपयोग बढ्ने छ र गाउँवासी पनि लाभान्वित हुनेछन्। यसतर्फ सरोकारवालाको ध्यान जाओस्।

● **सुमना श्रेष्ठ**
बिर्तामोड, झापा

नेता बन्न चाहिने योग्यता कति हो ?

संसरमा कहीं नभएको जात्रा यही देशमा मञ्चन गरिन्छ। एउटा सवारीसाधनको चालक बन्नका लागि चालक अनुमति पत्र चाहिन्छ। तर, देश चलाउने नेता बन्न कुनै योग्यता चाहिँदैन, मात्र शीर्ष नेतालाई रिझाउने योग्यता भए पुग्छ। कर्मशील नेताले स्थान पाउँदैनन्। जसले चाकडी चाप्लुसी गर्न सक्छ, उसैले पार्टीमा स्थान पाउँछ। नेता रिझाउन सके, पैसा भए चुनावमा टिकट पाउन गाह्रो छैन। त्यस्तै परे निर्वाचन जित्न पनि सक्छ उसले। अनि देशमा असल नेता कहाँबाट पाउनु ?

हिजोको अवस्था अर्कै थियो, आज त्यो अवस्था छैन। अब त केही सोच्नुपर्छ। गोजीबाट निकालेर नेता बनाउने परिपाटी अन्त्य हुन आवश्यक छ। विदेशमा पढेको भन्दैमा असल हुन्छ भन्ने छैन। यही देशको भूगोल जानेको व्यक्ति हुनुपर्छ। अमेरिकामा राजनीति शास्त्रमा पिएचडी गरेर के गर्नु, नेपालको भूगोल बुझ्नेको छैन भने। जनताको आवश्यकता नबुझ्ने नेता भएको देशमा जनताले सुख पाउने कल्पना गर्न सकिँदैन।

हिजो जे भयो भयो, अब त केही सोच। राजनीतिका लागि पनि एउटा मापदण्ड बनाऊ। राजनीतिलाई व्यापारिक प्रयोजनका लागि उपयोग नगर। राजनीति असल नीति बन्न सकोस्। देशमा गणतन्त्र आएको पनि १५ वर्षभन्दा बढी भइसक्यो। नेताहरूकै कारण गणतन्त्र 'गाँडतन्त्र' नबनोस्। जनतालाई भ्रममा पारेर आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न अब बन्द गर। नत्र जनताले नै तिमीहरूलाई ठेगान लगाउनेछन्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

मानिसलाई कसरी जोगाउने गर्मीको लहरबाट ?

गर्मीको जोखिमले उच्च खतरामा रहेको जनसंख्यालाई असहज पार्नुका साथै बिरामी हुने जोखिम र मृत्युदर बढाउँछ



देश / विदेश

● राजीव दास गुप्ता

सन् २०२३ मा विश्वले कीर्तिमानीस्तरमा सबैभन्दा तातो वर्षको अनुभव गऱ्यो र यो अवस्थामा औसत वार्षिक चिसोभन्दा कम तापमान नभएको ४७ वर्ष भइसकेको छ। भारत मौसम विज्ञान विभाग (आइएमडी)ले सन् २०२३ लाई भारतको एक सय २२ वर्षमा दोस्रो सबैभन्दा तातो वर्ष र सन् २०१६ सबैभन्दा गर्मी वर्ष भएको बताएको छ। आइएमडीले अप्रिल, मे र जुन महिनामा भारतका अधिकांश भागमा सामान्यभन्दा माथिको अधिकतम र न्यूनतम तापक्रमको पूर्वानुमान गरेको छ।

बढ्दो गर्मीको लहरमा पर्ने राज्य वा क्षेत्रमा गुजरात, महाराष्ट्र, उत्तरी कर्नाटक, राजस्थान, मध्य प्रदेश, उत्तरी छत्तिसगढ, ओडिसा र आन्ध्र प्रदेश पर्छन्। ६ अप्रिलमा कर्नाटकको रायचुर जिल्लाका केही भागमा ४५.२ डिग्री सेल्सियसको उच्च तापमान रिपोर्ट गरिएको थियो र विभिन्न गाउँका सातजना मानिसलाई गर्मीको हल्का स्ट्रोक भएको थियो।

हालैको एन्भिस्ट्याट्स-आइएमडीको विश्लेषणले गर्मीको लहरको घटनामा डरलाग्दो प्रवृत्ति देखाउँछ। प्रतिवर्ष गर्मीको लहर दिनको औसत लगातार बढेको छ। अर्थात् सन् १९९०-९९ ९० दिनबाट सन् २०१०-२०१९ मा एक सय ३९ दिनमा पुगेको छ। यो प्रवृत्ति कुल वार्षिक औसत गर्मीको लहर दिनमा प्रतिबिम्बित हुन्छ जुन सन् २०२० मा ४२ बाट सन् २०२२ मा एक सय ९० मा पुगेको थियो। एजेन्सीमाझ गर्मीको लहरसँग सम्बन्धित मृत्युको तथ्यांक भिन्न हुन्छन्। आइएमडीले सन् २००० देखि २०२० सम्म १० हजार पाँच सय ४५ मृत्यु भएको जनाएको छ जब कि एनडिएमए र एनसिआरबीले क्रमशः १७ हजार ७६७ र २० हजार ६१५ मृत्यु भएको जनाएको छ। एनपिसिसिएचएचले यो बढ्दो चिन्तालाई सम्बोधन गर्न विशेषतः गर्मीसम्बन्धी रोग (एचआरआइएस)को रिपोर्टिङ मञ्च सुरु गरेको छ।

एनडिएमएले सन् २०२० मा चारको मृत्यु भएको रिपोर्ट गरेको छ जब कि एन्भिस्ट्याट्सले सन् २०२० मा २७ को मृत्यु भएको र सन् २०२१ मा मृत्यु नभएको जनाएको छ। लोकसभाको प्रश्नोत्तरमा भूविज्ञानमन्त्रीका अनुसार सन् २०१९ मा गर्मीका कारण एक हजार दुई सय ७४ को मृत्यु भएको थियो, सन् २०२० मा पाँच सय ३० र सन् २०२१ मा तीन सय ७४ को मृत्यु भएको थियो।

तमाम विसंगतिका बाबजुद एक विषयमा सहमति देखिन्छ, अर्थात् वास्तविक गर्मीसम्बन्धी मृत्युको रिपोर्टिङ कम हुने गर्छ। सन् २०१५-१६ वरिपरि उच्चतम मृत्युदर भए पनि त्यसयता घट्दै गएको छ। गर्मीको लहरबाट प्रभावित राज्यको संख्या २०१५ मा ९ बाट बढेर २०१९ मा २३ पुगेको थियो र गर्मी लहरका दिन ७.४ बाट ३२.२ मा पुगेको थियो।

उत्तर प्रदेशको बलिया र देवरिया जिल्लामा जुन २०२३ को मध्यमा पाँच दिनभित्र अस्पतालमा बिरामीको भर्ना तीव्रस्तरमा वृद्धि भएको थियो र एक सय ५९ को मृत्यु भएको थियो। मृतकमध्ये धेरैजसो ६० वर्षभन्दा माथिका थिए, जसको अन्तर्निहित स्वास्थ्य अवस्था गर्मीको लहरका कारण बिग्रिएको हुन सक्छ। गर्मीसँग सम्बन्धित भएको पुष्टि नभए पनि राज्यस्तरको अनुसन्धानले हिट स्ट्रोकले मृत्यु गराएको हुन सक्छ। वातावरणीय विश्लेषकले ३० देखि ५० प्रतिशत आर्द्रतासाथ ४५ डिग्री सेल्सियसवरिपरि तापमानको अभिलेख गरेका थिए। यसले ६० डिग्री सेल्सियस तापमानभन्दा बढी गर्मी महसुस गराउँदै जीवनलाई गम्भीर खतरामा पारेको थियो।

एउटा बेवास्ता गरिएको प्रश्न गर्मीसम्बन्धी मृत्युदरलाई कसरी परिभाषित गर्ने भन्ने हो



तस्बिर : एपी

किनभने गर्मीको जोखिमले उच्च खतरामा रहेका जनसंख्यालाई असहज पार्छ जसले बिरामी हुने जोखिम र मृत्युदर बढाउँछ। धेरै देशमा सार्वजनिक स्वास्थ्य अधिकारीलाई गर्मीसम्बन्धी घटनाको अनिवार्य रिपोर्टिङको कमीका कारण अत्यधिक गर्मीको जनस्वास्थ्य प्रभावको मूल्यांकन गर्न चुनौतीपूर्ण छ।

वातावरणीय स्वास्थ्य विशेषज्ञले गैरचिकित्सकीय कारकमा प्रायः मृत्यु प्रमाणपत्रमा बेवास्ता गरिएको औंल्याउँछन् जसले गर्दा मृत्युको कारण हुने रिपोर्टिङमा त्रुटि भेटिन्छन्। उदाहरणका लागि चट्याङको प्रहारले रुखको हाँगा भाँचिएर कसैको मृत्यु हुन्छ भने मृत्युमा चट्याङको अप्रत्यक्ष भूमिकालाई सामान्यतया अभिलेखित गरिँदैन। युएस नेसनल एसोसिएसन अफ मेडिकलका परीक्षकले 'गर्मी-सम्बन्धित मृत्यु' लाई उच्च परिवेशको तापक्रमको कारणका रूपमा परिभाषित गर्छन्। युरोपमा विशिष्ट अवधिमा अत्यधिक मृत्युको विश्लेषण गर्नु गर्मीसम्बन्धी मृत्युदर अनुमान गर्ने एक सामान्य उपाय हो। सन् २००३ को असाधारण गर्मीको समयमा करिब ४० करोड जनसंख्या भएका १६ देशमा ७० हजारभन्दा बढी मृत्युको अभिलेख गरिएको थियो। सन् २०२२ को गर्मी, अर्थात् युरोपकै अहिलेसम्मको सबैभन्दा तातो मौसममा महामारी विज्ञान विश्लेषणअनुसार ५४ करोड ३० लाख जनसंख्या भएका ३५ देशमा ६१ हजार ६ सय ७२ को गर्मीका कारण मृत्यु भएको अनुमान गरिएको थियो। इटली, ग्रिस, स्पेन र पोर्चुगललगायत भूमध्य सागरवरपरका देशले सबैभन्दा बढी मृत्युको अनुभव गरेका थिए। सन् २००३ को अनुभवपछि अवलम्बन गरिएको अनुकूलन उपायका बाबजुद गर्मीसम्बन्धी मृत्युको उल्लेखनीय संख्याले जारी चुनौतीलाई झल्काउँछ।

केन्द्रीय स्वास्थ्यमन्त्रीले ३ अप्रिलमा एचआरआइएसको व्यवस्थापनका लागि सार्वजनिक स्वास्थ्य तयारीको समीक्षा गरेका थिए। २३ राज्यमा अद्यावधिक गरिएको गर्मी कार्ययोजना उपलब्ध छन् र करिब सय जिल्लामा जागरुकता अभियान सुरु भएको छ। गर्मीको मौसम बढ्दै जाँदा राज्य र नागरिक समाजले अति जोखिममा परेकाको हेरचाह गर्ने जिम्मेवारी लिनुपर्छ।

(दास गुप्ता जवाहरलाल नेहरू विश्वविद्यालयका सामुदायिक स्वास्थ्यका प्राध्यापक हुन्)
द इन्डियन एक्सप्रेसबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रुवान्डा नरसंहार र कागामे शासनका ३० वर्ष





● डेक्लान वाल्स

सन् १९९४ अप्रिलमा जातीय नरसंहार भोगिरहेको रुवान्डाका राजधानी किगालीका सडक रगतमा लतपतिएको देखिन्थ्यो । खुँडाजस्ता हतियार बोकेका अर्धसैनिक फौजले चलाएको नरसंहारमा आठ लाखसम्म मानिस मारिएका थिए, जुन २०औँ शताब्दीको उत्तरार्द्धको सबैभन्दा भयानक घटनामध्ये एकमा गणना हुन्छ । तीस वर्षपछि अहिले किगाली अफ्रिकाको ईर्ष्या गर्ने ठाउँमा बदलिएको छ । चिल्ला सडक र चम्किला भवनयुक्त यस सहरमा ठूला बैंक, विशाल होटेल र प्राविधिक स्टार्टअपको मुख्यालय छन् । सहरमा फक्सवागन कार निर्माण सयन्त्रदेखि एमआरएनए भ्याक्सिन निर्माणस्थलसम्म छ । सहरमा रहेको दश हजारजना अटाउने बास्केटबल लिगमा अफ्रिकाको सबैभन्दा ठूलो लिग आयोजना गरिन्छ भने यहीं अमेरिकी ‍च्यापर केन्ड्रिक लामारजस्ता स्टारको कन्सर्टहरू आयोजना हुन्छ । रुवान्डामा आउनेमध्येमा यहाँको प्रसिद्ध गोरिल्ला हेर्न आउने पर्यटक मात्र हुँदैनन् । अन्य अफ्रिकी देशका सरकारी अधिकारी यहाँ कायम सुशासनको पाठ लिन आउँछन् । बिजुली भरपर्दो छ । अन्य अफ्रिकी मुलुकमा जस्तो यहाँका ट्राफिक प्रहरीले घुस माग्दैनन् । हिंसाका घटना दुर्लभ भएको छ । यस आश्चर्यजनक रूपान्तरणको वास्तुकार हुन्, देशका राष्ट्रपति पल कागामे । कागामेले यो सफलता उनको कठोर शासन शैलीमार्फत हासिल गरेका हुन्, जुन अन्तर्राष्ट्रिय जगत्मा समय-समयमा आलोचनाको विषय हुने गर्छ ।

कागामेको शासनमा रुवान्डाका कैयौँ विपक्षी जेलमा छन् । अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लागेको छ । सरकारका आलोचक रहस्यमय अवस्थामा मृत भेटिने गरेका छन् । पश्चिममा लुकेर बसेका आलोचकले फाट्टफुट्ट उस्तै नियती भोगेको पाइन्छ । कागामेका सिपाही छिमेकी प्रजातान्त्रिक गणतन्त्र कंगोमा हुने नरसंहार र लुटपाटमा संलग्न भएको आरोप पनि लाग्ने गरेको छ । दशकौँदेखि कायम कागामेको कठोरतालाई पश्चिमी नेताले बेवास्ता गर्दै आएका छन् । केही पश्चिमी मुलुकले हिजो हुतु चरमपन्थीबाट कागामेको तुत्सी जातीय समूहका मानिसमाथि भएका नरसंहार रोक्न नसकेकोमा दुःख व्यक्त गरेका छन् । रुवान्डाको दुःखद इतिहासको कारण यो ‘अत्यन्त विशिष्ट मुद्दा’ रहने गरेको एकपटक बेलायती पूर्वप्रधानमन्त्री टोनी ब्लेयरले भनेका थिए । कागामेले अप्रिल ७ मा नरसंहारको ३०औँ वार्षिकोत्सवको नेतृत्व गरे ।

तर, यस वार्षिकोत्सवले कैयौँलाई ६६ वर्षीय कागामेको त्यति नै लामो शासनको सम्झना गरायो । पछिल्लो राष्ट्रपतिको निर्वाचनमा कुल खसेको मतमा कागामेको पक्षमा ९९ प्रतिशत मत खसेको थियो । अर्को चुनाव यही वर्ष जुलाईमा हुँदै छ र त्यसमा कगामेको जितप्रति थोरै मात्र आशंका छ । रुवान्डाको संविधानअनुसार उनले आगामी दशकसम्म नेतृत्व गर्न सक्नेछन् । कागामेको दमनकारी रणनीतिलाई पहिले नरसंहारपछिको रुवान्डामा स्थिरता कायम गर्न आवश्यक भएको आलोचकसमेत स्विकार्थे । तर, समय लम्बिँदै जाँदा उनको शैलीमाथि प्रश्न उठ्न थालेको छ । यस रणनीतिले देशलाई कता लैजाँदै छ भन्नेमा चिन्ता सुनिन थालेको छ । कागामेले रुवान्डामा जातीय भावनालाई प्रभावकारी रूपमा हटाएको दाबी गरे पनि आलोचक, कूटनीतिज्ञ, सरकारी पूर्वअधिकारी र कैयौँ रुवान्डाली नागरिक उनको शासनमा अव्यक्त रूपमा जातीय विभाजन गहिरिँदै गएको आरोप लगाउँछन् । यसले गृहयुद्धपछि वास्तविक मेलमिलापको सम्भावनालाई कमजोर बनाउने तिनको भनाइ छ । रुवान्डा सरकारका प्रवक्ताले यस लेखका लागि गरिएको प्रश्नको जवाफ दिएनन् भने रिपोर्टिङका लागि उनको देश प्रवेश दिइएन । रुवान्डा प्रवेश पाएका अर्का न्युयोर्क टाइम्स रिपोर्टरको सहयोगमा यो रिपोर्टिङ तयार पारिएको हो ।

आज कागामेको सरकारका जति पनि शीर्ष पद छन्, तिनमा तुत्सीहरूको प्रभुत्व छ । जबकि देशको जनसंख्यामा ८५ प्रतिशत हिस्सा ओगट्ने हुतुहरू वास्तविक शक्तिबाट वञ्चित रहेको आलोचकहरू भन्छन् । सतहमा सबै ठीक भएजस्तो देखिए पनि भित्र जातीय विभाजन कायम भएको यो एक उदाहरण हो । ‘कागामे शासनले हाम्रो देशमा राजनीतिक हिंसा निम्त्याउने अवस्था सिर्जना गरिरहेको छ,’ उनका सबैभन्दा प्रमुख राजनीतिक प्रतिद्वन्द्वी भिक्टोयर इंगाबायर उमुहोजाले किगालीबाट फोनमा भनिन् । ‘प्रजातन्त्रको अभाव, विधिको शासनको अभाव, सामाजिक र राजनीतिक बहिष्करण, यी समस्या पहिले जस्तो थियो, अहिले पनि त्यस्तै छ,’ इंगाबायरले भनिन् । हुतु जातिकी इंगाबायर सन् २०१० मा निर्वासनबाट देश फर्किएर कागामेविरुद्ध राष्ट्रपति पदमा लडेकी थिइन् । उनी पक्राउ परिन् । चुनावमा भाग लिनबाट रोक लगाइयो । पछि षड्यन्त्र र आतंकवादको आरोप लगाएर कारावास लम्ब्याइयो । सन् २०१८ मा कागामेले माफी दिएपछि उनी रिहा त भइन्, तर इंगाबायरलाई विदेश यात्रा गर्न रोक लगाइएको छ । उनलाई आगामी जुलाईमा हुने चुनावमा उठ्न प्रतिबन्ध लगाइएको छ ।

‘नरसंहारपछि हाम्रो देशमा व्यवस्था ल्याउन बलियो शासक चाहिएको थियो भन्नेहरूसँग म पनि सहमत छु,’ उनले भनिन्, ‘तर, आज ३० वर्षपछि हामीलाई बलियो शासकभन्दा बलियो संस्था चाहिएको छ ।’ कागामेले सन् १९९४ जुलाईमा तुत्सीबहुल विद्रोही समूहका प्रमुखको रूपमा सत्तारोहण गरे । उनी नेतृत्वको रुवान्डन पेट्रोटिक फ्रन्टले नरसंहार मच्चाउने हुतु चरमपन्थीहरूलाई सत्ताच्युत गरेको थियो ।

सत्तामा आएपछि कागामेले सहायता रकमलाई बुद्धिमानीपूर्वक खर्च गर्ने र अग्रगामी आर्थिक नीतिहरूलाई प्रवर्द्धन गर्ने कुराका लागि चर्चा पाउन थाले । यद्यपि उनका पूर्वसहयोगीहरूले कागामेले प्रगतिलाई बढाइचढाइ गर्न तथ्यांकहरू हेरफेरको आरोप लगाएका छन् । तथ्यांकका आधारमा कागामेको शासनमा रुवान्डाले लोभलाग्दो प्रगति गरेको देखिन्छ, औसत आयु सन् १९९४ मा ४० वर्ष रहेकोमा बढेर ६६ वर्ष पुगेको संयुक्त राष्ट्रसंघले भन्छ । कागामेको पहिलो काममध्ये एक नरसंहार निम्त्याउने खतरनाक साम्प्रदायिक विभाजन कम गर्नु थियो । उनले हुतु र तुत्सी शब्दहरूलाई कुनै पनि परिचयपत्र समावेश गर्न प्रतिबन्ध लगाए । साथै सार्वजनिक रूपमा जातीयताको कुरा गर्नेहरूलाई अपराधीकरण गरे । ‘हामी सबै रुवान्डाली हौँ’ भन्ने राष्ट्रिय नारा बन्यो । केही शब्दमा प्रतिबन्ध लागे पनि वास्तविकतामा भने कागामेका नीतिहरूले रुवान्डाली जीवनको लगभग हरेक पक्षमा जातीयताले प्रवेश गरेको छ ।

> २०औँ शताब्दीको उत्तरार्द्धको सबैभन्दा भयानकमध्ये एक नरसंहार भोगेको तीस वर्षपछि रुवान्डाले केही उल्लेखनीय उपलब्धि हासिल गरेको छ । तर, नरसंहारको कारणका रूपमा रहेको जातीय विभाजन भने लामो समयदेखि सत्तामा रहेका राष्ट्रपति पल कागामेको शासनमा पनि कायमै छ ।

‘बाहिर नभने पनि हरेकलाई को कुन जातिको भन्ने थाहा हुन्छ नै,’ सन् २००० सम्म सभामुख रहेका जोसेफ सेबरेन्जी (जो तुत्सी हुन्)ले भने । उनी अहिले कागामेसँग मतभिन्नतापछि निर्वासित जीवन बिताइरहेका छन् । गत वर्ष बेल्जियममा अध्यापन गराइरहेका कागामेका आलोचकसमेत रहेका फिलिप रेन्टजेन्सले प्रकाशित गरेको एक अध्ययनअनुसार रुवान्डाका १९९ शीर्ष सरकारी पदमध्ये ८२ प्रतिशत तुत्सी जातिका मानिसको हातमा थियो । र, कागामेको कार्यालयका त लगभग शतप्रतिशत नै सोही अल्पसंख्यक जातिका पाइएका थिए । अमेरिकी कूटनीतिज्ञहरूले सन् २००८ मा रुवान्डाको शक्ति संरचनाको सर्वेक्षण गर्दा यस्तै निष्कर्ष निकालेका थिए । विकिलिक्सले बाहिर ल्याएको अमेरिकी दूतावासले उसको अमेरिकी केन्द्रमा पठाएको पत्रमा देशमा नरसंहारपछि विभाजन कम गर्ने हो भने कागामेले ‘हुतुसँग धेरै हदसम्म अधिकार बाँड्नुपर्छ’ भन्ने उल्लेख थियो ।

आलोचकहरू कागामेले हुतु बहुमतलाई दबाउन सन् १९९४ को घटनाको स्मरणलाई प्रयोग गरेको आरोप लगाउँछन् । सरकारी स्मारकमा सन् १९९८ को घटनालाई ‘तुत्सीको नरसंहार’ उल्लेख मात्रै गरिएको हुन्छ । जबकि त्यस समय आफ्ना तुत्सी छिमेकीलाई शरण दिएका वा दिने प्रयास गरेका दसौँ हजार उदारवादी हुतुहरू पनि मारिएका थिए । तिनलाई बेवास्ता गर्ने प्रयास गरिँदा र छानेर न्याय दिने धारणाले घाउमा नुन छर्ने काम गरेको आलोचकहरू बताउँछन् । त्यस्तै एक विवादित संयुक्त राष्ट्रसंघीय प्रतिवेदनअनुसार नरसंहार रोक्न भन्दै कागामेका विद्रोही फौजले अप्रिलदेखि अगस्टसम्म २५ हजारदेखि ४५ हजार मारेको थियो, जसमध्ये अधिकांश हुतु थिए । सार्वजनिक तथ्यांकअनुसार पनि नरसंहारको समयमा भएको हुतुहरूको हत्या तुत्सीहरूको हत्याको तुलनामा नगण्य हो । तर, ती घटनाप्रति कागामेको पूर्वाग्रही प्रतिक्रियाले रुवान्डालीहरूको मेलमिलाप र अगाडिको यात्रामा बाधा पुऱ्याइरहेको आलोचकहरू बताउँछन् ।

कागामेले सन् १९९४ यता प्रधानमन्त्री र रक्षामन्त्रीलगायत केही शीर्ष सरकारी पदमा हुतुलाई नियुक्त नगरेका होइनन्, तर रुवान्डामा ती शक्तिशाली पद होइनन् । वरिष्ठ हुतुको कार्यालयमा उनीहरूमाथि निगरानी राख्न तुत्सीका बफादार खटाइने आफैँ तुत्सी रहेका गुप्तचर सेवाका पदाधिकारी ओमर खल्फानले भने । सन् २०१५ देखि अमेरिकामा लुकिरहेका खल्फानले भने, ‘सरकार जातीयताबारे बोल्न चाहँदैन, किनभने त्यसो गर्दा शक्ति बाँडफाँटको मुद्दा उठ्छ । र, उनीहरू त्यसो गर्न चाहँदैनन् ।’ पश्चिममा कागामे विश्व आर्थिक फोरमजस्ता सम्भ्रान्त भेलामा सर्वस्वीकार्य अतिथि हुन्छन् । तर, देशभित्र भने उनलाई सार्वजनिक रूपमा चुनौती दिनेहरू गिरफ्तारी, यातना वा मृत्युको जोखिम मोल्छन् ।

एक दशकपहिले किजिटो मिहिगो नामक एक इसाई गायक रुवान्डाका सबैभन्दा लोकप्रिय कलाकारमध्ये एक थिए । नरसंहारमा आफ्ना आमाबुबा गुमाएका तुत्सी जातिका मिहिगोले प्रायः नरसंहारको सम्झनामा गीत गाउँथे । तर, नरसंहारको २०औँ वार्षिकोत्सवमा मिहिगोले जारी गरेको एउटा गीतमा तुत्सी र हुतुपीडितहरू दुवैप्रति समानुभूति देखाउनुपर्ने भन्दै बृहत् मेलमिलापको आह्वान गरिएको थियो । यसबाट कागामे क्रुद्ध भए । राष्ट्रपतिका एक सहयोगीले मिहिगोलाई ‘राष्ट्रपतिलाई गीत मन नपरेकाले माफी माग्न भने, अन्यथा मारिने धम्की दिए । मिहिगोले माफी मागेका थिए तर पनि उनीमाथि देशद्रोहको आरोप लाग्यो । उनी जेल परे । चार वर्षपछि उनी रिहा त भए, तर सन् २०२० मा उनी पुनः गिरफ्तारमा परे । चार दिनपछि एक पुलिस स्टेसनमा उनी मृत फेला परे । मिहिगोले आत्महत्या गरेको सरकारले भने पनि थोरैले मात्र त्यस भनाइमा विश्वास गरे ।

कागामेको पहुँच विश्वभर विस्तार छ । अधिकारवादी समूहले क्यानडा, अस्ट्रेलिया र दक्षिण अफ्रिकालगायत कम्तीमा एक दर्जन देशमा रुवान्डाका निर्वासित अधिकारकर्मीलाई राज्यका एजेन्टले डरधम्की देखाएको, आक्रमण गरेको वा हत्या भएको आरोप लगाएका छन् । रुवान्डा नरसंहारमा आधारित फिल्म ‘होटेल रुवान्डा’का मूल पात्रको प्रेरणाका स्रोत हुतु होटेल व्यवसायी पल रुसेसबागिनालाई सन् २०२० मा जालसाजीपूर्ण रूपमा देश फर्काइयो र जेलमा हालियो । उनी अमेरिकाको दबाबपछि गत वर्ष जेलबाट रिहा गरिए । यस घटनाले कागामे देशभित्र कत्तिको प्रतिरोधहीन छन् भन्ने देखायो । तर, पछिल्लो समय उनको प्रभावको असर छिमेकी कंगोमा देखिएको छ । केही समयदेखि कंगोका कुख्यात विद्रोही समूह एम-२३लाई रुवान्डाले फौज र मिसाइल पठाएको अमेरिका र संयुक्त राष्ट्रसंघले सार्वजनिक रूपमा आरोप लगाएका छन् । रुवान्डाले आरोप अस्वीकार गर्दै आएको छ ।

यस संकटले कागामेको उनको सबैभन्दा ठूलो विदेशी दाता अमेरिकासँगको सम्बन्धलाई चिसो बनाएको अमेरिकी अधिकारीले नै बताएका छन् । बाइडेन प्रशासनका वरिष्ठ अधिकारीले पछिल्लो केही महिना रुवान्डा, कंगो र तान्जानिया पुगेर यस संकटलाई क्षेत्रीय युद्धमा परिणत हुनबाट रोक्ने प्रयास गरेका छन् । अगस्टमा अमेरिकाले एम-२३लाई सघाएको भन्दै एक वरिष्ठ रुवान्डाली सैन्य कमान्डरलाई प्रतिबन्ध लगायो । यस विषयमा छलफल गर्न कागामे र शीर्ष अमेरिकी अधिकारीबीच तनावपूर्ण बैठकहरू भएको अमेरिकी अधिकारी बताउँछन् । कागामेले रुवान्डाली सेना कंगोमा भएको खण्डन गर्दै आएका छन् । कागामेले हालै ‘जेउन अफ्रिक’ नामक पत्रिकालाई दिएको अन्तर्वार्तामा यस आरोपलाई सहयोग पुग्ने स्वीकारोक्ति गरेका छन् । उनले आफ्ना सेना पूर्वी कंगोमा रहेका तुत्सी जनसंख्याविरुद्ध हुने नरसंहार रोक्न त्यहाँ रहेको बताए ।

(यो रिपोर्टिङमा अराफात मुगाबोले सघाएका थिए । वाल्स केन्याको नैरोबी बसेर अफ्रिकाको समाचार लेख्छन् । उनले विगतमा कायरो र इस्लामाबादमा रहेर रिपोर्टिङ गरिसकेका छन् ।)

– द न्युयोर्क टाइम्सबाट

उत्तरगयाका घुम्नै पर्ने पर्यटकिय क्षेत्रहरू

- उत्तरगया गाउँपालिका वडा नं ५ वेत्रावतीमा रहेको धार्मिक सास्कृतिक ऐतिहासिक पुण्य भुमी उत्तरगया धाम
- उत्तरगया गाउँपालिका वडा २ स्थित अनुपम प्राकृतिम दृश्य सहितको सुन्दर भाँगे झरना
- उत्तरगया वडा नं ४ को ऐतिहासिक क्षेत्र घलेगढी, कमेरागढी साथै सो क्षेत्रबाट देखिने मनोरम दृश्य
- उत्तरगया गाउँपालिका वडा नं ३ ठुलोगाउँ स्थित धार्मिक स्थल भुमेस्थान साथै मनमोहक दृश्यावलोकन सहितको फिकुरी सम्मको पदयात्रा
- उत्तरगया वडा नं २ डाडाँगाउँ स्थित पुरातात्विक गुरुङ संग्राहलय, साथै स्थानीय संस्कृति सहितको होमस्टे
- मैलुङ देखी तिरु हुँदै पर्यटकिय पार्वतीकुण्ड सम्मको पदयात्रा

धार्मिक तथा ऐतिहासिक पर्यटकिय क्षेत्र उत्तरगया घुमौ, आन्तिक पर्यटनको प्रवद्धन गरौ ।

माधव प्रसाद अर्याल, अध्यक्ष | चमेली गुरुङ, उपाध्यक्ष
दिपक प्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत
उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रसुवा

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, Tel: 01-4954537
Website: www.ishanhospital.com.np

ISHAN CHILDREN & WOMEN'S HOSPITAL



हार्दिक बधाई तथा शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका देशवासीहरुमा **हार्दिक मंगलमय शुभकामना**का साथै
नयाँ पत्रिका
राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औँ वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

विस्तृत जानकारीका लागि : ०१-४९५२५६०/९८४६२२१६६९ मा सम्पर्क गर्नुहोला

२४ सै घण्टा नवजात तथा बाल रोग, नवजात तथा बाल शल्य, स्त्री तथा प्रसुति, हाडजोर्नी तथा अन्य विशेषज्ञहरूबाट सम्बन्धित विषयको सेवाहरू उप्लब्ध रहेको सहर्ष जानकारी पनि गराउदछौँ ।

SERVICES AVAILABLE

- Neonatal, Pediatric & Adolescent Surgery
- Pediatric Urology
- Pediatric Laparoscopic Surgery
- Gastro Surgery
- Obstetrics & Gynecology
- Orthopedic Surgery
- IVF (Infertility Clinic)
- ENT Surgery
- Dental Surgery
- Ophthalmology Surgery
- ICU (NICU,PICU) & HDU
- Pediatric Hematology-Oncology
- Neonatal, Pediatric & Adolescent Medicine
- Pediatric Gastroenterology
- Pediatric Pulmonology
- Pediatric Nephrology
- Pediatric Cardiology
- Pediatric Neurology
- Pediatric Neurodevelopment
- Pediatric & Adolescent Psychiatry
- Dermatology & Venerology
- Physiotherapy & Rehabilitation
- Ambulance

Panchakanya GROUP
sheltering solutions



Panchakanya Bhawan, Krishna Galli, Lalitpur • Toll Free No. 1660-01-70007 • www.panchakanya.com

एमाले बागलुङ अध्यक्षमा केसी

बागलुङ/ एमाले बागलुङ अध्यक्षमा हिराबहादुर केसी सर्वसम्मन चयन भएका छन्। एमाले बागलुङको दशौं जिल्ला अधिवेशनबाट केसी दोस्रो कार्यकालका लागि अध्यक्षमा सर्वसम्मत निर्वाचित भएका हुन्। अध्यक्षमा उम्मेदवारी दर्ता गराएका एमाले गण्डकी प्रदेश कमिटीका पूर्वसदस्य हरिनारायण गौतमले आफ्नो उम्मेदवारी फिर्ता गरेसँगै केसी दोस्रो कार्यकालका लागि अध्यक्षमा चयन भएका हुन। यसअघि जिल्ला अध्यक्षका लागि पूर्वअध्यक्ष जनकराज पौडेल, सचिव विष्णु भुसालसँगै गौतम र केसीको चर्चा चलेको थियो। केसीले आफूले दुई वर्ष मात्र पार्टी नेतृत्व सम्हालेको र धेरै काम गर्न बाँकी रहेकाले पुनः अध्यक्षमा दाबी गरेको बताए। उपाध्यक्षमा विष्णु भुसाल चयन भएका छन्। उनी यसअघि जिल्ला सचिव थिए। उपसचिवमा धनबहादुर परियार र करमती पुन चयन भएका छन्। उनीहरू दुईजनाको मात्रै उम्मेदवारी परेको थियो। सचिवमा गणेश थापा, चन्द्र गणेश, कुमार खड्कालगायतको उम्मेदवारी परेको छ। सचिवमा पनि सर्वसम्मत गराउने प्रयास भएको एमालेका एक जिल्ला नेताले बताए।

यातायात व्यवस्था कार्यालय सवारी कास्की पोखराको सूचना

यातायात कार्यालयमा दर्ता रहेका सार्वजनिक सवारीसाधनहरू २० वर्ष अवधि पुगेपछि अनिवार्य लगतकट्टा गर्नुपर्ने कानुनी प्रावधान हुँदाहुँदै पनि कतिपय सार्वजनिक सवारीसाधनहरू २० वर्ष अवधि नाघेपछि पनि सञ्चालनमा रहेको पाइएकाले त्यस्ता सवारीसाधनहरू यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र अनिवार्य रूपमा लगतकट्टा गर्नुहुन तथा सबै सार्वजनिक सवारीसाधनहरू २० वर्ष पुगेपछि अनिवार्य लगतकट्टा गर्नुहुन सवारीधनीहरूलाई सूचित गरिन्छ। यसरी २० वर्ष नाघेका सवारीसाधन सञ्चालन गरेको पाइएमा कानुनअनुसार कडा कारवाही हुने व्यहोरा समेत अनुरोध छ।

कार्यालय प्रमुख
तथा
यातायात व्यवस्था कार्यालय सवारी
कास्की, गण्डकी प्रदेश, पोखरा

जंगलको डढेलो बस्तीमा पस्दा १३ घरगोठ जलेर नष्ट

सल्यानमा **दीपक शर्मा**

वनमा लागेको डढेलो बस्तीमा पस्दा सल्यानमा १३ घरगोठ पूर्ण रूपमा जलेका छन्। बस्तीमा पसेको डढेलोले कपुरकोट गाउँपालिका- ६ रैजेखोला बस्तीका चार र छत्रेश्वरी गाउँपालिका- ४ दुदिलेका दुई र वडा नम्बर ७ मा सात घरगोठ जलेका हुन्।

जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार रैचेखोलाका हरिबहादुर बोहरा, वीरबहादुर बोहरा, तिलक बोहराको घर र मोहनलाल बोहराको गोठ पूर्ण रूपमा जलेका छन्। यस्तै, छत्रेश्वरी गाउँपालिका- ४ दुदिलेका दलबहादुर विक र कुसबहादुर खत्रीको गोठ जलेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख नवीन कार्कीले जानकारी दिए।

बस्तीमा पसेको आगोले छत्रेश्वरी गाउँपालिका- ७ रावतगाउँका भीमबहादुर थापाको घर र गोठ, सुमन रावतको घर, दिली रावतको घर र गोठ, कृष्ण रावत, ज्ञानबहादुर रावत, हरिबहादुर विकको घर र डिल्लीबहादुर रावतको घर र गोठ पूर्ण रूपमा जलेर नष्ट भएको छ। आगलागीबाट छत्रेश्वरी- ७ मा मात्र २० लाखबराबरको क्षति भएको कार्कीले बताए। विभिन्न सामुदायिक तथा राष्ट्रिय वनमा लागेको आगो नियन्त्रणबाहिर हुँदा जंगलनजिकै रहेका बस्ती उच्च जोखिममा रहेको उनको भनाइ छ। उनका अनुसार हावाहुरी चल्दा आगो नियन्त्रणमा कठिनाइ भइरहेको छ।

छत्रेश्वरीमा लागेको डढेलो कपुरकोट गाउँपालिका- ६ को जंगलमा प्रवेश गर्दा ६ नम्बर वडाका रैजेखोला, एकपाखे, तारूपरे, खानीलगायत थुप्रै जंगलमा भीषण आगलागी भइरहेको कपुरकोट गाउँपालिका अध्यक्ष दुर्गा पुनले जानकारी दिए। आगोले फलफूलको बिरुवा र तरकारीसमेत जलेर लाखौंको क्षति भएको उनको भनाइ छ।

जलेर घाइते भएकी तामाङको मृत्यु

रामेछाप/ पत्कर जलाउने क्रममा आगलागीमा परी घाइते भएकी मन्थली नगरपालिका- ९ पुरानागाउँस्थित लामाटोलकी ८५ वर्षीया लालमाया तामाङको उपचारका क्रममा मृत्यु भएको छ। कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारका क्रममा बिहीबार राति नै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ। बिहीबार बिहान बारीमा जम्मा पारी राखेको पत्कर जलाउँदै गर्दा अकस्मात् उनको शरीरमा आगो सल्किएको थियो। घटनापछि तत्काल उद्धार गरी उनलाई हेलिकोप्टरमार्फत कीर्तिपुरस्थित बर्न अस्पताल पठाइएको थियो।

आगलागीपीडितलाई पानीट्यांकी वितरण

रामेछाप/ तरुण दलले रामेछाप नगरपालिका- ९ टारगाउँका १३ घरधुरी आगल(गीपीडितलाई पाँच सय लिटरको दरले खानेपानी जम्मा गर्न हिलटेक ट्यांकी वितरण गरेको छ। आगलागीबाट घरमा भएका सम्पूर्ण सामग्री नष्ट भएर त्रिपालको भरमा बारीको पाटामा बस्दै आएका पीडितलाई खानेपानी राख्न सहयोग पुगोस् भन्ने उद्देश्यले ट्यांकी वितरण गरिएको तरुण दल रामेछापका उपाध्यक्ष वासु फुँयाललले बताए।

प्रेस काउन्सिल अध्यक्ष बस्नेतलाई हिमडमरु उपाधि

काठमाडौं/ प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत हिमडमरुको उपाधिबाट सम्मानित भएका छन्। हिमाली क्षेत्रमा लामो समयदेखि पदयात्रा गर्दै हिमाल, पर्यावरण जोगाउन र जलवायु परिवर्तनको असरबारे पत्रकारिता क्षेत्रबाट विभिन्न अध्ययन गरेको भन्दै साहित्यिक पत्रकार संघले बिहीबार बस्नेतलाई सम्मान गरेको हो। उनलाई सम्मानपत्रमा हिमडमरुको उपाधि दिइएको छ।



वरिष्ठ साहित्यकार रोचक घिमिरे, वरिष्ठ कलाकार मदनदास श्रेष्ठ, सगरमाथा आरोही तेम्बाछिरी शेर्पासहितले बस्नेतलाई दोसल्ला, माला र प्रमाणपत्रसहित सम्मान गरे। साहित्यकार घिमिरेले अध्यक्ष बस्नेतले पत्रकारिता क्षेत्रमार्फत लामो समयदेखि समृद्धिको पक्षमा काम गरेकोमा प्रशंसा गरे। सगरमाथा आरोही तेम्बाछिरी शेर्पाले हिमाली क्षेत्रमा बस्नेतको अध्ययन, रुचिबारे आफूले २४ वर्षदेखि सँगै रहेर काम गरेको अनुभव सुनाए।

'प्रमाणपत्र' (फोटो सहितको प्रमाणपत्र 'Certificate") उपलब्ध गराइने सम्बन्धी सूचना

उच्च माध्यमिक शिक्षा परिषद्को नाममा जारी भएको शैक्षिक प्रमाणपत्र (ट्रान्स्क्रप्ट, माइग्रेसन र प्रोभिजनल) प्राप्त गरेका विद्यार्थीहरुलाई प्रदान गरिने "प्रमाणपत्र" (फोटो सहितको प्रमाणपत्र 'Certificate') हालसम्म सावित परिषद् कै नाममा उपलब्ध गराईदैं आएकोमा मिति २०८० पौष १६ गते (1st January 2024) देखि उक्त प्रमाणपत्रका लागि निवेदन दिने विद्यार्थीहरुलाई राष्ट्रिय परीक्षा बोर्डको नाममा छपाई भएको प्रमाणपत्र उपलब्ध गराइने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा नियन्त्रक

नयाँ पत्रिका १७ वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा
देश तथा विदेशमा रहनुभएका देशवासीहरुमा
हार्दिक मंगलमय शुभकामनाका साथै
नयाँ पत्रिका
राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)
सानोठिमी, भक्तपुर

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
विकास सहायता कार्यान्वयन महाशाखा
बबरमहल, काठमाण्डौ

संरचना निर्माण नगर्ने बारे सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/०१
कमला-ढल्केवर-पथलैया सडक खण्ड

विश्व बैंकको ऋण सहयोगमा नेपाल सरकारद्वारा स्तरोन्नति हुन गईरहेको पूर्व पश्चिम राजमार्ग अन्तर्गत कमला-ढल्केवर-पथलैया सडक खण्डको करिब १३० कि.मि. सडकको केन्द्र रेखाबाट दायाँ बायाँ २५/२५ मिटर गरी जम्मा ५० मिटर सडक सिमा क्षेत्र (Right of Way) कायम भएको सूचना नेपाल सरकारको मिति २०३४/३/२० को राजपत्रमा प्रकाशित भएको व्यहोरा अनुरोध छ। अतः यस सडक स्तरोन्नतिको क्रममा विस्तृत इन्जिनियरिङ डिजाइन तथा पुनर्वास कार्ययोजना समेत तयार भईसकेको कुरा जानकारी गराउँदै यस पुनर्वास कार्ययोजना अन्तर्गत सडक सिमा क्षेत्रभित्र क्षति हुने सम्भावित व्यक्तिगत तथा सार्वजनिक संरचनाहरु (घर, टहरा, व्यापारिक घुम्ती, मन्दिर, चौतारा, पाटि, पौवा आदि) को विस्तृत लगत लिने काम सडक विभाग मार्फत २०७९ कार्तिक ५ भित्र सम्पन्न भईसकेको जानकारी गराइन्छ। तसर्थ ५० मिटर (दायाँ बायाँ २५/२५ मिटर) सडकको सिमा क्षेत्रभित्र मिति २०८१/०१/०१ गते पश्चात् कुनै किसिमका संरचनाहरु निर्माण गर्नु गराउनु भएमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम उक्त संरचनाहरु ३५ दिनको सूचना दिएर खालि गराउने व्यहोरा जानकारी गराइन्छ। त्यसरी खालि गराइएका/हटाइएका संरचनाहरुको हकमा कुनै पनि किसिमको क्षतिपूर्ति दिन सडक विभाग बाध्यकारी हुने छैन ।

आँगनमा सकेट बम राखेर करोडौँ मूल्यको बुद्धचित्तको रुख काटियो

काभ्रेमा **इन्द्रबहादुर थापा**

काभ्रेको रोशी गाउँपालिका- ५ नागवेलीमा अज्ञात समूहले करोडौँ आम्दानी हुने बुद्धचित्त मालाको रुख काटेको छ। शुक्रबार बिहान करिब १ बजेतिर १५-२० जनाको समूहले घरको आँगनमा सकेट बम राखी मेसिनले रुख काटेको हो।

जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले रोशी- ५ की ठाकुरानीको जग्गामा रहेको बुद्धचित्त मालाको बोटको वरिपरि लगाएको तारजालीको गेटको ताल्चा फोडेर रुख काटेर मानिसहरू फरार भएको जानकारी दिए। सूचना प्राप्त हुनेबित्तिकै इलाका प्रहरी कार्यालय मंगलटारबाट प्रहरी निरीक्षकको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरी नायब उपरीक्षक श्रेष्ठले घटनास्थलमा फेला परेको सकेट बम नेपाली सेनाको कालीजंग गणले डिस्पोज गरेको बताए। घटनास्थलमा 'जनमुक्ति सेना नेपाल' लेखिएको ज्याकेट र हँसिया हथौडाअंकित झन्डा फेला परेको प्रहरीले जानकारी दिएको छ।

बुद्धचित्त रुखधनी ठाकुरानीकी छोरा डिलबहादुर तामाङका अनुसार राति अनुमानित १५-२० जनाको समूह जबर्जस्ती प्रवेश गरी रुख काटिएको हो। 'हामी सुतिरहेका थियौँ। एक्कासि मानिसहरू आई ताल्चा फोडेर बुद्धचित्तको बोट काट्न थाले। झ्यालबाट हेर्दा उनीहरूको साथमा हतियार पायौँ। ज्यान जोगाउन पनि चुपचाप बस्यौँ,' उनले भने। रुख काटिसकेपछि 'नेकपा माओवादी जिन्दावाद' भन्ने नारा लगाउँदै उनीहरू भागेको तामाङले बताए।



रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले कुन समूहले रुख काटेको हो भन्ने थाहा नभएको बताए। 'घटनास्थल पुगेर हेर्दा आँसु रोकिन्न। रुखधनीको करोडौँ आम्दानीको स्रोत गुमेको छ। पालिकाको राजस्व गुमेको छ,' उनले भने, 'जोसुकै भए पनि तत्काल छानबिन गरी दोषीलाई पहिचान गरी कारबाही गर्न प्रहरीलाई अनुरोध गरेका छौं।' बुद्धचित्तको बोटबाट ५-ट वर्षदेखि करोडौँ आम्दानी भइरहेको धनी तामाङले बताए। गत वर्ष रुखबाट ९० लाखको माला बेचिएको थियो। मालाको रुख काट्ने समूहको खोजबिन भइरहेको प्रहरीले जनाएको छ।



समृद्धि...

पृष्ठ १ बाट क्रमशः

लगानी वृद्धिमा जोड दिनुको विकल्प नरहेको अर्थविद्हरू बताउँछन्।

नेपालले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षालगायतमा अनिवार्य दायित्व वहन गर्न, विकाशील देशमा स्तरोन्नति हुन, दिगो विकासका लक्ष्य हासिल गर्न तथा सामाजिक एवं पूर्वाधार विकास गर्न वार्षिक रूपमा ठूलो रकमको लगानी आवश्यक रहेको योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल बताउँछन्। 'देशको तीव्र विकासका लागि अहिले सरकारले गरिरहेको लगानी पर्याप्त छैन। पुँजीगत विनियोजन र खर्च न्यून छ, राजस्व र खर्चबीचको खाडल निरन्तर बढ्दै गएको छ,' उनले भने, 'नेपालले सरकारी तथा सार्वजनिक-निजी साझेदारीमा व्यापक लगानी गरी अन्तर्राष्ट्रिय रूपमै सकारात्मक सन्देश दिएर स्वदेशी तथा वैदेशिक लगानी ल्याउन पहल गरे मात्र विकासका लक्ष्य प्राप्त गर्न सकिन्छ।'

नेपाल सन् २०२६ देखि अतिकम विकसितबाट स्तरोन्नति भएर विकासशील मुलुक बन्दै छ। त्यसपछि नेपालले अहिले पाउँदै आएका कतिपय ग्राह्यता तथा सहुलियत गुमाउने सरोकारवालाहरू बताउँछन्। यस्तो अवस्थामा लगानी र उत्पादन बढाएर प्रतिस्पर्धी बन्नुको विकल्प नरहने उनीहरूको धारणा छ।

राज्य र निजी क्षेत्रका तर्फबाट पनि अबका दिनमा ठूलै लगानी गर्नुपर्ने नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल बताउँछन्। यसलाई पूरा गर्न सरकारको एकल लगानी मात्र पर्याप्त नहुने हुँदा सार्वजनिक-निजी साझेदारीसहित विदेशी लगानीलाई नै आकर्षित गर्नुपर्ने उनको भनाइ छ। सडक, विद्युत्, दूरसञ्चार, रेलसञ्जालसहितका पूर्वाधारका क्षेत्रमा देशलाई अर्बौं होइन, खर्बौंको लगानी आवश्यक रहेको उनको भनाइ छ।

सीमान्त पुँजी उत्पादन अनुपातका आधारमा चालू पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१)मा औसत ९.६ प्रतिशतको वृद्धिका लागि ९२ खर्ब २९ अर्ब २९ करोड रुपैयाँ लगानी गर्नुपर्ने देखिएको थियो। यसलाई आधार मान्ने हो भने पनि आगामी आवधिक योजनाका लक्ष्य पूरा गर्न ८१ खर्ब ७१ अर्ब ७३ करोड रुपैयाँहाराहारी खर्च गर्नुपर्ने हुन्छ। पन्ध्रौं योजनाले आवश्यक कुल लगानीमध्ये ३९ प्रतिशत सरकारले, ५५.६ प्रतिशत निजी क्षेत्रले र ५.४ प्रतिशत सहकारीबाट योगदान हुने लक्ष्य लिएको थियो।

विकसित देश बन्ने सोच

अबको दुई दशकभित्र नेपाललाई उच्च आयस्तरको विकसित मुलुक बनाउने सरकारको मार्गचित्र छ। सरकारको दीर्घकालीन सोचमा सन् २१०० सम्ममा नेपालीको प्रतिव्यक्ति आय १२ हजार एक सय अमेरिकी डलर पुऱ्याउने र निरपेक्ष गरिबी अन्त्य गर्ने लक्ष्य छ। समुन्नतिको यो सपना पूरा गर्न लगानीको भने ठूलो खाडल देखिन्छ।

दीर्घकालीन सोचले दुई दशकमा ३५ हजार मेगावाट जलविद्युत् र पाँच हजार मेगावाट वैकल्पिक ऊर्जा उत्पादन गर्ने, राष्ट्रिय रणनीतिक महत्त्वका सडकलाई एसियाली हाइवे मापदण्डअनुसार चारदेखि आठ लेनसम्म निर्माण र विस्तार गर्ने लक्ष्य राखेको छ। यसैगरी रेल, जल, हवाई, केबलकार र रोपवेलगायतका यातायात पूर्वाधार विकास र तिनलाई एकीकृत यातायात प्रणालीमा आबद्धता गर्ने, निरपेक्ष गरिबीको अन्त्य एवं बहुआयामिक गरिबीलाई तीन प्रतिशतमा झार्ने, औसत आयु ८० वर्ष पुऱ्याउनेलगायत लक्ष्य लिएको छ।

दीर्घकालीन सोच निर्माणको नेतृत्व गरेका आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेल समृद्धिको आकांक्षा पूरा गर्न उच्चदरमा लगानी वृद्धिको खाँचो रहेको बताउँछन्। उनका अनुसार यस्ता महत्त्वाकांक्षी लक्ष्य पूरा गर्न ठूलो लगानी अपरिहार्य हुन्छ। 'हामीलाई अहिले नै लगानी अपुग छ, दिगो विकासका लक्ष्य हासिल गर्न पनि लगानी पुगिरहेको छैन,' उनले भने, 'नेपाललाई विकसित बनाउने, जनताको जीवनस्तर उकास्ने, गरिबी न्यूनीकरण गर्नेलगायत हाम्रा आकांक्षा पूर्ति गर्न स्वदेशी तथा विदेशी निजी लगानी र दाताका सहुलियतपूर्ण ऋणको सदुपयोग गर्नुपर्छ।'

सरकारको दीर्घकालीन सोचले कुल गार्हस्थ्य उत्पादनको अनुपातमा लगानीलाई ३६.९ प्रतिशतबाट बढाएर ४६ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। जिडिपीमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई)को अनुपात आठ गुणाले वृद्धि गर्ने लक्ष्य लिएको छ। जिडिपीमा विदेशी लगानीको अनुपातलाई ०.५ प्रतिशतबाट बढाएर चार प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। यसको अर्थ नेपालले विदेशी लगानीलाई उच्च प्राथमिकतामा राखेको बुझिने कँडेल बताउँछन्।

लगानीका लागि सहज अवस्था

फागुन मसान्तसम्ममा विदेशी मुद्रा सञ्चिति १८ खर्ब ७२ अर्ब ८२ करोड रुपैयाँबराबर रहेको छ। यो नेपालको इतिहासमा हालसम्मकै सबैभन्दा बढी सञ्चिति हो। त्यस्तै, बैंक तथा वित्तीय संस्थामा ६१ खर्ब ६ अर्ब निक्षेप संकलन भएको छ। बैंकहरू तत्कालै पाँच खर्ब ५६ अर्ब रुपैयाँ लगानी गर्न सक्ने अवस्थामा छन्।

विदेशी विनिमय सञ्चिति ऐतिहासिक र बैंकहरूमा अधिक तरलता हुनु भनेको लगानीका लागि पर्याप्त 'स्पेस' भएको बुझिने नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी बताउँछन्। 'हामीसँग विदेशी मुद्राको सञ्चिति ऐतिहासिक छ, बैंकमा अधिक तरलता छ, यो भनेको हामीसँग लगानीका लागि सुनौलो अवसर छ भन्ने नै हो,' उनले भने, 'उद्यमी व्यवसायीले अहिलेको अवसरलाई उचित सदुपयोग गर्न सक्नुपर्छ।'

अर्थमन्त्री पुनले नेपाल अहिले विश्व अर्थतन्त्रसँग क्रमशः जोडिँदै गएकाले लगानीका लागि 'भर्जिन ल्यान्ड' भएको बताउँछन्। भारतसँग १० हजार मेगावाट विद्युत् व्यापारको सम्झौता भएको छ। बंगलादेशले नौ हजार मेगावाट विद्युत् खरिद गर्ने योजना बताएको छ। चीनले पनि नेपालसँग अन्तरदेशीय विद्युत् व्यापार गर्ने प्रस्ताव गरेको छ।

अन्तरदेशीय प्रसारणलाइन निर्माणसमेत भइरहेको छ। यो ऊर्जामा लगानी गर्ने सुनौलो आधार भएको हो। 'भारतले १० हजार र बंगलादेशले नौ हजार हरित ऊर्जा नेपालबाट खरिद गर्ने भनेका छन्, यो हाम्रो अवसर हो,' उनले भने, 'यसका लागि हामीसँग पुग्दो लगानी छैन, त्यसैले जोसुकै लगानीकर्ता पनि आँखा चिम्म गरेर नेपालको ऊर्जा क्षेत्रमा आउँदा हुन्छ, सहजीकरण गर्न हामी तयार छौं।' त्यस्तै, चीन र भारतबाट आउन सक्ने पर्यटकलाई मात्रै लक्षित गरेर पनि पर्यटन क्षेत्रमा ठूलो लगानी गर्न सक्ने अवस्था रहेको उनले बताए।

विश्वका ठूला अर्थतन्त्रहरूको बीचमा रहेको नेपालमा लगानीको सम्भावना रहेको महासंघका अध्यक्ष ढकाल बताउँछन्। 'आन्तरिक रूपमा बढ्दो विकासको आवश्यकता र छिमेकी मुलुकहरूसँगको अन्तरआबद्धताका कारण नेपालको लगानीको सम्भावना बलियो छ। नेपालको ऊर्जा, पर्यटन, व्यावसायिक कृषि, खानीलगायतका क्षेत्रमा लगानीको राम्रो सम्भावना छ,' उनले भने, 'जलविद्युत्, पर्यटन र दूरसञ्चारजस्ता क्षेत्रमा विदेशी कम्पनीहरूले नेपालमा प्रवेश गरिसकेका छन्, जुन बढ्दो क्रममा छ।'

सरकारले सन् १९९१ देखि नै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐनजस्ता कानुनहरूमार्फत विदेशी लगानीकर्ता करमा सहुलियतसँगै नियामक प्रक्रियालाई सुव्यवस्थित लगानी आकर्षित गर्न प्रयास गर्दै आएकाले लगानीको सम्भावना र अवसर प्रचुर रहेको उनको भनाइ छ।

सार्वभौम क्रेडिट रेटिङ र कानुनी सुधार

सरकारले मुलुकको सार्वभौम क्रेडिट रेटिङसमेत गरिरहेको छ। जुनसुकै देशको ऋण सामर्थ्य क्षमता के-कति छ भन्ने कुरा सार्वभौम क्रेडिट रेटिङबाट गरिन्छ। अहिले नेपालले पनि आफ्नो क्रेडिट रेटिङ गरिरहेको अर्थमन्त्री पुनले बताए। यसले पनि वैदेशिक ऋण लिन तथा विदेशी लगानी भित्र्याउने आधार तय गर्ने उनले बताए।

लगानी आकर्षित गर्न आसन्न लगानी सम्मेलनलाई लक्षित गरेर दर्जन कानुन संशोधन प्रक्रिया अघि बढाएको छ। अध्यादेशबाटै भए पनि लगानीमैत्री वातावरण बनाउने गरी कानुन संशोधन गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले घोषणा गरिसकेका छन्। सुधार नियमित प्रक्रिया भएको उल्लेख गर्दै अर्थमन्त्री पुनले लगानीमैत्री वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताए।

सय अर्ब डलरको अर्थतन्त्र बनाउने निजी क्षेत्रको भिजन

सन् २०३० सम्ममा मुलुकको अर्थतन्त्रको आकार सय खर्बबराबरको बनाउने निजी क्षेत्रको भिजन छ। नेपाल उद्योग वाणिज्य महासंघले तीन वर्षअघि सार्वजनिक गरेको भिजनपेपरले दोहोरो अंकको आर्थिक वृद्धिमार्फत सन् २०३० भित्र मुलुकको अर्थतन्त्र सय अर्ब डलरबराबरको पुऱ्याउने लक्ष्य लिएको छ।

महासंघले तयार गरेको 'राष्ट्रिय आर्थिक रूपान्तरण २०३०'ले यस अवधिमा मुलुकमा एक खर्ब ५० अर्ब अमेरिकी डलरभन्दा बढी लगानी गर्न सकिने परिकल्पना गरेको हो। दशवर्षे भिजनपेपर इमानदारीपूर्वक कार्यान्वयन गर्न सकिए सन् २०३० सम्म निजी क्षेत्रबाट मात्रै एक खर्ब आठ अर्ब डलर लगानी हुने महासंघको भनाइ छ। भिजनपेपरले वार्षिक चार लाख रोजगारी सिर्जना, दोहोरो अंकको आर्थिक वृद्धि, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनलगायतल लक्ष्य राखेको छ।



● **प्रा.डा. गोविन्दराज पोखरेल**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग
देशको तीव्र विकासका लागि अहिले सरकारले गरिरहेको लगानी पर्याप्त छैन। पुँजीगत विनियोजन र खर्च न्यून छ, राजस्व र खर्चबीचको खाडल निरन्तर बढ्दै गएको छ। नेपालले सरकारी तथा सार्वजनिक-निजी साझेदारीमा व्यापक लगानी गरी अन्तर्राष्ट्रिय रूपमै सकारात्मक सन्देश दिएर स्वदेशी तथा वैदेशिक लगानी ल्याउन पहल गरे मात्र विकासका लक्ष्य प्राप्त गर्न सकिन्छ।



● **प्रा.डा. पुष्पराज कँडेल**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग
हामीलाई अहिले नै लगानी अपुग छ, दिगो विकासका लक्ष्य हासिल गर्न पनि लगानी पुगिरहेको छैन। नेपाललाई विकसित बनाउने, जनताको जीवनस्तर उकास्ने, गरिबी न्यूनीकरण गर्नेलगायत हाम्रा आकांक्षा पूर्ति गर्न स्वदेशी तथा विदेशी निजी लगानी र दाताका सहुलियतपूर्ण ऋणको सदुपयोग गर्नुपर्छ।



● **महाप्रसाद अधिकारी**
गभर्नर, नेपाल राष्ट्र बैंक
हामीसँग विदेशी मुद्राको सञ्चिति ऐतिहासिक छ, बैंकमा अधिक तरलता छ, यो भनेको हामीसँग लगानीका लागि सुनौलो अवसर छ भन्ने नै हो। उद्यमी व्यवसायीले अहिलेको अवसरलाई उचित सदुपयोग गर्न सक्नुपर्छ।



● **चन्द्रप्रसाद ढकाल,**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ
राज्य र निजी क्षेत्रका तर्फबाट पनि अबका दिनमा ठूलै लगानी गर्नुपर्छ। यसलाई पूरा गर्न सरकारको एकल लगानी मात्र पर्याप्त नहुने हुँदा सार्वजनिक-निजी साझेदारीसहित विदेशी लगानीलाई नै आकर्षित गर्नुपर्छ। सडक, विद्युत्, दूरसञ्चार, रेलसञ्जालसहितका पूर्वाधारका क्षेत्रमा देशलाई अर्बौं होइन, खर्बौंको लगानी आवश्यक छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १ वैशाख ०८१

निक्षेपको ब्याजदर घटेको घट्यै

सबैभन्दा बढी एनएमबि बैंकको ७.९७ प्रतिशत र सबैभन्दा कम कृषि विकास बैंकको ५.६६ प्रतिशत ब्याजदर

- **२० वाणिज्य बैंकमध्ये १२ वटाले मुद्दती निक्षेपको ब्याजदर घटाएका छन्, पाँच बैंकको ब्याजदर यथावत् रहँदा एभरेष्ट र एनएमबिले बढाए**
- **चैतमा औसत ७.२५ प्रतिशत कायम भएको व्यक्तिगत मुद्दतीको ब्याजदर वैशाखमा घटेर ७.०७ प्रतिशत कायम**
- **निक्षेप संकलनको तुलनामा कर्जा विस्तार हुन नसकेर अधिक तरलता व्यहोरिरहेका बैंकहरूले निरन्तर घटाए ब्याजदर**
- **ग्लोबल आइएमई, प्रभु, लक्ष्मी सन्राइज, नेपाल इनभेष्टमेन्ट मेगा बैंक, स्ट्यान्डर्ड चार्टर्ड र एभरेष्ट बैंकको ब्याजदर समान**

२० बैंकको ब्याजदर कति ?

बैंक	व्यक्तिगत मुद्दती	संस्थागत मुद्दती
एनआइसी एसिया	७.७५	६.७
ग्लोबल आइएमई	७	६
प्रभु	७	६.५
लक्ष्मी सन्राइज	७	६
माछापुच्छ्रे बैंक	७.२५	५.५
नेपाल एसबिआई	६.५३	५.५३
राष्ट्रिय वाणिज्य	६.५५	५.३५
नेपाल बैंक	६.७५	४.७५
सिटिजन्स	७.५	६.१५
कुमारी	७.२६	६.२६
सिद्धार्थ बैंक	७.२५	६
सानिमा	७.१	६.१
प्राइम	७.१	५.५३
नबिल	७.२५	६.२५
नेपाल इन्भेष्टमेन्ट मेगा बैंक	७	६
हिमालयन	७.५	६
स्ट्यान्डर्ड चार्टर्ड	७	५.२५
कृषि विकास बैंक	५.६६	६
एभरेष्ट	७	४.०१
एनएमबि	७.९७	६.९७

संस्थागत मुद्दतीमा कुन बैंकमा बढी ब्याज पाइन्छ ?

पवन तिमिल्सिना/नयाँ पत्रिका

संस्थागत मुद्दती निक्षेपमा सबैभन्दा बढी ब्याजदर एनएमबि बैंकको छ। एनएमबिले ६.९७ प्रतिशत ब्याजदर तोकेको छ। ६ प्रतिशतभन्दा बढीको ब्याजदर तोक्ने बैंकहरूमा एनआइसी एसिया, प्रभु, कुमारी, नबिल, सिटिजन्स इन्टरनेसनल, सानिमा र प्राइम कमर्सियल बैंक छन्।

एनआइसी एसिया, प्रभु, कुमारी, नबिल, सिटिजन्स इन्टरनेसनल, सानिमा र प्राइम बैंकले तोके ६ प्रतिशतभन्दा बढी ब्याजदर

ग्लोबल आइएमई, लक्ष्मी सन्राइज, सिद्धार्थ बैंक, नेपाल इनभेष्टमेन्ट मेगा बैंक, हिमालयन र एभरेष्ट बैंकहरूको ब्याजदर ६ प्रतिशत कायम छ। नेपाल एसबिआई, माछापुच्छ्रे बैंक, राष्ट्रिय वाणिज्य, स्ट्यान्डर्ड चार्टर्ड, नेपाल बैंक र कृषि विकास बैंकको ब्याजदर ६ प्रतिशतभन्दा न्यून छ।

१ वैशाखदेखि लागू हुने गरी वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर पुनः घटाएर मुद्दतीमा पैसा राखेर ब्याज कमाउन चाहनेलाई निराश पारेका छन्।

वाणिज्य बैंकहरूले भदौयता निरन्तर ब्याजदर घटाइरहेका छन्। १ वैशाखदेखि घट्ने नयाँ ब्याजदर पनि शुक्रबार सार्वजनिक गरिएको छ। कुल २० वाणिज्य बैंकमध्ये १२ वटाले मुद्दती निक्षेपको ब्याजदर घटाएका छन् भने पाँच बैंकको ब्याजदर यथावत् छ। एभरेष्ट र एनएमबि बैंकले भने ब्याजदर बढाएका छन्। निक्षेप संकलनको तुलनामा कर्जा विस्तार हुन नसकेर अधिक तरलता व्यहोरिरहेका बैंकहरूले ब्याजदर घटाएका हुन्।

एनआइसी एसिया, ग्लोबल आइएमई, प्रभु, लक्ष्मी सन्राइज, माछापुच्छ्रे बैंक, नेपाल एसबिआई, राष्ट्रिय वाणिज्य, नेपाल बैंक, सिटिजन्स, कुमारी, सिद्धार्थ बैंक, सानिमा र प्राइम कमर्सियल बैंकले ब्याजदर घटाएका छन्। व्यक्तिगत मुद्दतीतर्फ एनआइसी एसिया बैंकले चैतमा ८.५४ प्रतिशत ब्याजदर दिएकोमा वैशाखलाई ७.७५ प्रतिशत तोकेको छ। एनआइसीले ब्याजदर ०.७९ प्रतिशत विन्दुले घटाएको हो। ग्लोबल आइएमईले ७.६ प्रतिशत पुऱ्याएको ब्याजदर घटाएर ७ प्रतिशत कायम गरेको छ।

चैतमा औसत ७.२५ प्रतिशत कायम भएको व्यक्तिगत मुद्दती ब्याजदर वैशाखमा घटेर ७.०७ प्रतिशत कायम भएको छ। त्यस्तै, संस्थागततर्फको औसत ब्याजदर ६.०९ प्रतिशतबाट घटेर ५.८७ प्रतिशत कायम भएको छ।

कुन बैंकमा पैसा राख्दा बढी ब्याज पाइन्छ ?

शुक्रबार बैंकहरूले सार्वजनिक गरेको नयाँ ब्याजदरअनुसार एनएमबि बैंकले सबैभन्दा बढी ब्याजदर दिने भएको छ। यो बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा ७.९७ प्रतिशत ब्याजदर दिने घोषणा गरेको छ। उच्चतम दरमा ब्याजदर घटाए पनि एनआइसी एसिया बैंकले दिने ब्याजदर दोस्रो धेरै हो। एनआइसी एसियाले ७.७५ प्रतिशत ब्याजदर दिने भएको छ।

ग्लोबल आइएमई, प्रभु, लक्ष्मी सन्राइज, नेपाल इनभेष्टमेन्ट मेगा बैंक, स्ट्यान्डर्ड चार्टर्ड र एभरेष्ट बैंकको ब्याजदर समान छ। यी बैंकहरूले वैशाखमा ७ प्रतिशत ब्याजदर दिने घोषणा गरेका छन्। सबैभन्दा कम ब्याजदर सरकारी स्वामित्वका राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंकको छ। राष्ट्रिय वाणिज्य बैंकले ६.५५ प्रतिशत ब्याजदर निर्धारण गरेको छ भने नेपाल बैंकले ६.७५ प्रतिशत ब्याजदर तोकेको छ। कृषि विकास बैंकको ब्याजदर ५.६६ प्रतिशत कायम छ। त्यस्तै, नेपाल एसबिआई बैंकको पनि ब्याजदर न्यून छ। यसले ६.५३ प्रतिशत ब्याजदर दिने भएको हो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सुन्तला राष्ट्रिय फल घोषणा

वार्षिक ३० अर्ब ६१ करोडको कारोबार
सात लाखलाई प्रत्यक्ष रोजगारी

भोजराज भण्डारी/नयाँ पत्रिका

सरकारले सुन्तलालाई राष्ट्रिय फलफूल घोषणा गरेको छ। सरकारका प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले शुक्रबारको मन्त्रिपरिषद् बैठकले सुन्तलालाई राष्ट्रिय फलको मान्यता दिएको जानकारी दिइन्।

मुलुकभित्रको आन्तरिक उत्पादनलाई ब्रान्डिङ गर्ने उद्देश्यले राष्ट्रिय फल घोषणा गर्ने अन्तर्राष्ट्रिय अभ्यास छ। भारतले सन् १९५० मा आँपलाई राष्ट्रिय फलको रूपमा मान्यता दिएको थियो। त्यस्तै, कम्बोडियाले केरा, जापानले हलुवाबेद, बंगलादेशले कटहरलाई राष्ट्रिय फल घोषणा गरेको छ।

नेपालले पनि स्वदेशी सुन्तलालाई ब्रान्डिङ गर्ने उद्देश्यले राष्ट्रिय फलको मान्यता दिएको राष्ट्रिय फलफूल विकास केन्द्रका प्रवक्ता सूर्यप्रसाद आचार्यले बताए। उनले भने, 'नेपालमा सुन्तालाको आफ्नै जात छ, कुनै मिश्रण छैन। रोजगारी, उत्पादन सबै क्षेत्रले उपयुक्त ठानिएको छ। अलि अगाडि नै सुन्तलालाई राष्ट्रिय फल घोषणा गरी उत्पादन वृद्धि र बजारीकरणको नीति लिइनुपर्ने थियो।'

फलफूल विकास केन्द्रले चार वर्षअघि आव ०७६/७७ मा गरेको अध्ययनअनुसार २६ हजार पाँच सय ९१ हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुने गरेको पाइएको थियो। आव ०७९/८० मा गरिएको पछिल्लो अध्ययनले २७ हजार आठ सय ९२ हेक्टरमा सुन्तला खेती भइरहेको पाइएको छ। वार्षिक एक लाख ८५ हजार टन सुन्तला उत्पादन हुने गरेको केन्द्रको तथ्यांक छ। मधेश प्रदेशबाहेक सबैतिर सुन्तला खेती हुने गरेको छ।


केन्द्रका अनुसार ४८ जिल्लामा एक हेक्टरभन्दा बढी क्षेत्रफलमा व्यावसायिक खेती हुने गरेको छ। त्यस्तै, सुन्तालको कुल कृषि गार्हस्थ्य उत्पादनमा ०.९६ प्रतिशत योगदान रहेको छ।

केन्दको अध्ययनअनुसार नेपालमा सुन्तालबाट वार्षिक ३० अर्ब ६१ करोड रुपैयाँको कारोबार हुने गरेको छ भने वार्षिक सात लाखलाई प्रत्यक्ष रोजगारी सिर्जना भएको छ। सुन्तला बाली अन्न बालीभन्दा सात गुणा बढी लाभदायक रहेको आचार्यले बताए।

सुन्तलाले वातावरण संरक्षणको क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने गरेको उनको भनाइ छ। सुन्तलाबाट कार्बन स्थिरीकरणमा योगदान पुऱ्याउने क्षमता शून्य दशमलव २४ देखि १.२२ मेट्रिकटन प्रतिहेक्टर रहेको छ।

मुलुकमा उत्पादित सुन्तलाले भने माग धान्न सकेको छैन। जसकारण चालू आर्थिक वर्ष ०८०/८१ को फागुन मसान्तसम्म एक अर्ब १० करोड रुपैयाँबराबरको सुन्तला आयात भएको छ भने अघिल्लो आर्थिक वर्ष ०७९/८० मा ८८ करोड १६ लाख रुपैयाँबराबरको सुन्तला आयात भएको भन्सार विभागको तथ्यांक छ।

सुन्तलाबारे १० तथ्य



साना तथा मझौला व्यापार
सम्वृद्धिको आधार,
सोच अनुसार रोजे बैंक
सपना हुन्छ साकार ।



एभरेष्ट बैंक मार्फत सस्तो, सुलभ एवं आकर्षक ब्याजदरमा
कर्जा सुविधा उपभोग गरी व्यापार व्यवसाय प्रवर्द्धन गरौं ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)
दिगो, दरिलो र विश्वासिलो



०८० मा थपियो ५ सय ५१ मेगावाट विद्युत्

मिलन विश्वकर्मा/नयाँ पत्रिका

०८० मा २३ आयोजनाको पाँच सय ३३ मेगावाट बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ।

गत वर्षको सुरुवात (२ वैशाख)मै सौर्य विद्युत् पावरको नवलपरासीस्थित दुई मेगावाटको सोलार प्लान्ट सञ्चालनमा आएको थियो भने अन्तिम दिन ३० चैतमा ७३ मेगावाटको मध्य-तमोर जलविद्युत् सञ्चालनमा आएको विद्युत् प्राधिकरणका प्रवक्ता चन्दन घोषले जानकारी दिए। हाल यसको परीक्षण उत्पादन भइरहेको छ। परीक्षणमा रहेकासहित नेपालमा विद्युत्को जडित क्षमता तीन हजार एक सय ४५ मेगावाट पुगेको छ। एकै वर्ष धेरै परियोजना सञ्चालनमा आउनु सकारात्मक पक्ष भएको उनको भनाइ छ।

यो वर्ष राष्ट्रिय प्रसारण प्रणालीमा एक हजार मेगावाट विद्युत् थपिने अनुमान गरिएको छ। सरकारी तथा निजी क्षेत्रबाट वर्ष ०८१ मा नौ सय ७३ मेगावाट क्षमताको ६४ परियोजना सञ्चालनमा आउने प्राधिकरणको विश्वास छ। प्राधिकरणको विद्युत् व्यापार विभागका निर्देशक राजन ढकालले ०८१ मा प्राधिकरणकै एक सय १२ मेगावाटको रसुवागढी, ५७ मेगावाटको तल्लो र माथिल्लो सान्जेन, एक सय दुई मेगावाटको भोटेकोशीलगायतका परियोजना सञ्चालनमा आउने बताए।

'वर्ष ०८१ मा प्राधिकरण र निजी क्षेत्रले बनाएको आयोजनाबाट एक हजार मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थपिने देखिएको छ,' उनले भने, 'यो हालसम्म परियोजनाको भौतिक प्रगतिका आधारमा अनुमान गरिएको तथ्यांक हो। कुनै प्राविधिक समस्या नआएमा वर्ष ०८१ मा झन्डै एक हजार मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थपिन्छ।'

आसन्न हिमालयन हाइड्रो एक्स्पो र तेस्रो लगानी सम्मेलनका कारण वर्ष ०८१ ऊर्जा क्षेत्रका लागि महत्त्वपूर्ण अवसर हुने देखिएको छ। इप्पान र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज प्रालिले आगामी १२, १३ र १४ वैशाखमा हाइड्रो एक्स्पो गर्दै छन्। त्यसलगत्तै १६ र १७ वैशाखमा सरकारले तेस्रो लगानी सम्मेलन गर्दै छ। उक्त दुई कार्यक्रमको ठूलो लाभ ऊर्जा क्षेत्रलाई हुने इप्पान अध्यक्ष गणेश काकी बताउँछन्।

भारत र बंगलादेशमा १५ हजार मेगावाट विद्युत् बेच्ने योजनाको मार्गचित्र तयार

- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ऊर्जा विकास मार्गचित्रको मस्यौदा बनाएर मन्त्रिपरिषद्मा पठाएको छ। उक्त मार्गचित्रमार्फत सन् ०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ।
- मार्गचित्रमा १० हजार मेगावाट विद्युत् भारत र पाँच हजार मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने लक्ष्य लिइएको छ।
- पुसमा भारतसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छ, त्यसअन्तर्गत भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् खरिद गर्ने सुनिश्चित भएको छ।
- बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्ने गरी पिपिएको प्रक्रिया अघि बढेको छ।
- ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि भएसँगै असारको पहिलो साता पूर्वमा आएको बाढीले एक सय ३३ मेगावाटका ३० जलविद्युत् आयोजना क्षतिग्रस्त भएका थिए।

रुस र युक्रेनका लागि श्रम स्वीकृति स्थगन

काठमाडौं/ द्वन्द्वग्रस्त देशहरू रुस र युक्रेनमा श्रमका लागि नेपालीलाई जान सरकारले रोक लगाउने निर्णय गरेको छ।

दुवै देशमा विभिन्न कामका लागि श्रम स्वीकृति लिएर जाने, तर सुरक्षा निकायमा भर्ना गरी युद्धमा पठाउने घटना बढ्न थालेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गर्दै श्रम स्वीकृति स्थगन गरिएको जनाएको हो।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रेस विज्ञप्ति

रसिया र युक्रेनमा वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारहरूका लागि श्रम स्वीकृति प्रदान गर्न युद्धरत देशहरूका सेनामा सहभागी हुनसक्ने सम्भावना रहेको र सोबाट सृजना हुन सक्ने मानवीय जोखिम समेतलाई दृष्टिगत गर्दै अर्को व्यवस्था नभएसम्म रसिया र युक्रेन जाने नेपाली कामदारका लागि पुनः श्रम स्वीकृति, व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति दिने कार्य स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

मिति २०८०।१२।३०
च.नं. १११४ चौमासय चलुसी

सचिव/सहसचिव

नेपाली सेनामा भर्ती भएका नेपालीलाई युद्धमा पठाएका कारण धेरैको मृत्यु भइसकेको छ भने त्यहाँ कार्यरत अन्य नेपाली पनि सुरक्षित नभएको रिपोर्टहरू सार्वजनिक हुने गरेका छन्। त्यसैले रुस र युक्रेनमा थप नेपाली जाने बाटो तत्काललाई रोकिएको मन्त्रालयले जनाएको छ।

'रुस र युक्रेनबाट वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारका लागि श्रम स्वीकृति प्रदान गर्दा युद्धरत देशहरूका सेनामा सहभागी हुन सक्ने सम्भावना रहेको र सोबाट सिर्जना हुन सक्ने मानवीय जोखिमसमेतलाई दृष्टिगत गर्दै अर्को व्यवस्था नभएसम्म रसिया र युक्रेन जाने नेपाली कामदारका लागि पुनः श्रम स्वीकृति, व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति दिने कार्य स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ,' मन्त्रालयको विज्ञप्तिमा भनिएको छ।

पूर्वका उद्योगीले दिए बजेटमा सुझाव



अनियमित विद्युत् आपूर्तिबारे उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाको प्रधानमन्त्री प्रचण्डलाई गुनासो :

दैनिक १५ घण्टासम्म विद्युत् कटौती हुने गरेको छ। १२ पटकसम्म ट्रिपिङ भई बिजुली आउने र जाने समयको टुंगो नहुँदा उद्योग चलाउन कठिनाइ भइरहेको छ।

नयाँ पत्रिका

उद्योग संगठन मोरङले उद्योगी-व्यवसायीले भोग्दै आएका समस्या र आगामी आर्थिक वर्ष ०८१/८२ को बजेटमा समेट्नुपर्ने विषय राखेर सरकारलाई सुझाव दिएको छ। संगठनका अध्यक्ष राकेश सुराना नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड', अर्थमन्त्री वर्षमान पुन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङलगायतलाई भेटेर सुझाव पेस गरेको हो।

अध्यक्ष सुरानाले विद्युत् आपूर्तिको समस्या, बजारको सुस्तता, औद्योगिक क्षेत्रमा परेको प्रभाव, तत्काल गर्नुपर्ने काम, आगामी बजेटले सम्बोधन गर्नुपर्ने विषयहरूमा प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराउँदै समस्या समाधानका लागि आग्रह गरेको बताए। अहिले दैनिक १५ घण्टासम्म विद्युत् कटौती भइरहेको, दैनिक १२ पटकसम्म ट्रिपिङ हुने र बिजुली कति वेला आउँछ भनेर टुंगो नहुँदा उद्योग सञ्चालनमा कठिनाइ भइरहेको उनको भनाइ थियो।

विद्युत् आपूर्तिको समस्याबारे जानकारी गराउन प्रतिनिधिमण्डलले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पनि भेटेको थियो। विद्युत् आपूर्तिको समस्याले आजित उद्योगी-व्यवसायीप्रति संवेदनशील बन्न संगठनका अध्यक्ष सुरानाले घिसिङलाई पनि आग्रह गरेको बताए। उनले भने, 'विद्युत्को आपूर्ति नियमित र गुणस्तर सुधार गर्न, विद्युत् आपूर्तिमा समस्या हो भने प्राधिकरणले तालिका सार्वजनिक गर्नुपर्छ भनेका छौं।'

अर्थमन्त्री पुनसँगको भेटवार्तामा प्रतिनिधिमण्डलले ०८१/८२ मा सम्बोधन गर्नुपर्ने निजी क्षेत्रका विषयहरू समेटिएको सुझाव पेस गरेको थियो। साथै, अहिलेको आर्थिक सुस्तता र निराशालाई सम्बोधन गर्ने गरी आगामी बजेट निर्माण गर्न पनि आग्रह गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीलाई उद्योग अवस्थाप्रति संवेदनशील भई अभिभावकको भूमिका निर्वाह गर्न सुरानाले आग्रह गरे। प्रक्रियागत जटिलता सरलीकरण, कार्गो रेल तत्काल सञ्चालनको वातावरण तयार गर्न, औद्योगिक पूर्वाधार निर्माणका साथै आगामी बजेटसम्बन्धी सुझाव प्रस्तुत गरेको संगठनले जनाएको छ। यस्तै, पर्यटनमन्त्री तामाङलाई भेटेर भारतीय पर्यटक भित्र्याउने गरी प्रवर्द्धनका काम गर्न पनि आग्रह गरिएको छ।

प्रतिनिधिमण्डलले अर्थमन्त्री पुनसँग आगामी बजेटमा सम्बोधन गर्नुपर्ने दर्जनौं माग पेस गरेको छ। बजारबाट पैसा उठाउन समस्या भइरहेको औंल्याउँदै उधारो कारोबारको समुचित नियमन एवं व्यवस्थापनका लागि यशाशीघ्र स्पष्ट कानुन आवश्यक रहेको सुझावपत्रमा उल्लेख छ।

संगठनले कार्गो रेल सञ्चालन, सरकारको पुँजीगत खर्च गर्ने क्षमता विकास, निर्यात प्रवर्द्धनमा कानुनी सुधार तथा प्रक्रियागत जटिलता सरलीकरण, राजस्वका समस्यालगायत विषयमा आफ्ना मागको तीन महलेसहित अर्थमन्त्री पुनलाई पेस गरेको छ।

जुम्लामा वैशाख दोस्रो सातादेखि कृषि पर्यटन महोत्सव

जुम्ला/ फलफूलतर्फको स्याउ र ओखर खेतीको निकै प्रसिद्ध क्षेत्र हो जुम्ला। यहाँको रैथाने बाली कालिमासी धान (चामल), चिनो, कानुनो, फापर, सिमीको बजारमा उत्तिकै महत्त्व रहेको छ। बजारमा महत्त्व र राम्रो मूल्य पाउने रैथाने बाली भने अहिले जुम्लामा निकै कम उत्पादन हुने गरेको छ।

कृषि पर्यटन प्रवर्द्धन र स्थानीय कलाकारको खोजीका लागि महोत्सव सञ्चालन गर्न लागिएको आयोजक राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जुम्लाका अध्यक्ष कर्ण बुढथापाको भनाइ

उत्पादन वृद्धिसँगै कृषि क्षेत्रको महत्त्व प्रचारप्रसार गर्न बृहत् कृषि पर्यटन सांस्कृतिक महोत्सव हुने भएको छ। आगामी १२ वैशाखदेखि २३ गतेसम्म राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जुम्लाको आयोजना र एकेइभेन्ट बहुउद्देश्यीय प्रालि सुर्खेतको सहयोगमा कृषि पर्यटन महोत्सव हुने भएको हो।

कृषि पर्यटन प्रवर्द्धन र स्थानीय कलाकारको खोजीका लागि महोत्सव सञ्चालन गर्न थालिएको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जुम्लाका अध्यक्ष कर्ण बुढथापाले बताए। व्यापारीका सटर बन्द हुने अवस्थामा पुगेका वेला महोत्सवले व्यापार, प्रवर्द्धनमा सहयोग पुग्ने उनको भनाइ छ।

महोत्सवमा राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकार जुम्ला आउनेछन्। प्रत्येक दिन दुईजना राष्ट्रिय कलाकारको महोत्सवमा सहभागी रहने अध्यक्ष बुढथापाको भनाइ छ। स्थानीय कलाकारलाई विशेष प्राथमिकता दिइने उनले बताए। प्रतिष्ठानका सचिव विश्वराज खत्रीले पर्यटन प्रवर्द्धन र संस्कृति संरक्षण गर्नका लागि महोत्सवको आयोजना गर्न थालिएको बताए।

स्वास्थ्य, सभ्यता र विकासका लागि सरसफाइ
हामी सबैको एउटा रहर पूर्ण सरसफाइयुक्त गाउँ-सहर

पूर्ण सरसफाइका विषय र सूचकहरू

- **चर्पीको समुचित प्रयोग** : चर्पीको नियमित सरसफाइ गर्ने, सुरक्षित चर्पीमा दिसापिसाब गर्ने र दिसा गरेपछि साबुन पानीले हात धुने।
- **साबुन पानीले हात धुने र व्यक्तिगत सरसफाइ** : चर्पीको प्रयोग गरेपछि, खाना बनाउनु/खानुअघि र फोहोर वस्तु छोएपछि साबुन पानीले हात धुने तथा नियमित रूपमा नुहाउने, लुगा धुने लगायत व्यक्तिगत सरसफाइ गर्ने।
- **सुरक्षित पानीको प्रयोग** : कम्तीमा आधारभूत स्तरको खानेपानी सुविधाको प्रयोग, खानेपानीका संरचनाको सरसफाइ गर्ने, घर, विद्यालय र कार्यालयमा शुद्धीकरण गरेको पानी प्रयोग गर्ने।
- **सुरक्षित खानाको प्रयोग** : खाना पकाउने भाँडा, भान्छा सफा राख्ने, खानेकुराहरू राम्रोसँग पकाएर मात्र खाने, बासी र सडेगलेका खानेकुरा नखाने।
- **सफा र स्वच्छ घर, विद्यालय र कार्यालय** : उल्लेखित स्थान सरसफाइ गर्ने, फोहोरको उचित विसर्जन गर्ने, पशुपन्छीको मलमूत्रको उचित व्यवस्थापन गर्ने।
- **वातावरणीय सरसफाइ** : खुला दिसामुक्त अवस्था कायम गर्ने, सार्वजनिक शौचालयको व्यवस्था, बाटोघाटो र नदीनालामा सरसफाइ गरी स्वच्छता कायम गर्ने।

नयाँ पत्रिका १७ वार्षिकोत्सव

हार्दिक बधाई तथा
शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका देशवासीहरुमा **हार्दिक मंगलमय शुभकामना**का साथै

नयाँ पत्रिका

राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

डिभिजन प्रमुख

खानेपानी तथा सरसफाइ डिभिजन ४
रामेछाप

स्वास्थ्य, सभ्यता र विकासका लागि सरसफाइ
हामी सबैको एउटा रहर पूर्ण सरसफाइयुक्त गाउँ-सहर

पूर्ण सरसफाइका विषय र सूचकहरू

- **चर्पीको समुचित प्रयोग** : चर्पीको नियमित सरसफाइ गर्ने, सुरक्षित चर्पीमा दिसापिसाब गर्ने र दिसा गरेपछि साबुन पानीले हात धुने।
- **साबुन पानीले हात धुने र व्यक्तिगत सरसफाइ** : चर्पीको प्रयोग गरेपछि, खाना बनाउनु/खानुअघि र फोहोर वस्तु छोएपछि साबुन पानीले हात धुने तथा नियमित रूपमा नुहाउने, लुगा धुने लगायत व्यक्तिगत सरसफाइ गर्ने।
- **सुरक्षित पानीको प्रयोग** : कम्तीमा आधारभूत स्तरको खानेपानी सुविधाको प्रयोग, खानेपानीका संरचनाको सरसफाइ गर्ने, घर, विद्यालय र कार्यालयमा शुद्धीकरण गरेको पानी प्रयोग गर्ने।
- **सुरक्षित खानाको प्रयोग** : खाना पकाउने भाँडा, भान्छा सफा राख्ने, खानेकुराहरू राम्रोसँग पकाएर मात्र खाने, बासी र सडेगलेका खानेकुरा नखाने।
- **सफा र स्वच्छ घर, विद्यालय र कार्यालय** : उल्लेखित स्थान सरसफाइ गर्ने, फोहोरको उचित विसर्जन गर्ने, पशुपन्छीको मलमूत्रको उचित व्यवस्थापन गर्ने।
- **वातावरणीय सरसफाइ** : खुला दिसामुक्त अवस्था कायम गर्ने, सार्वजनिक शौचालयको व्यवस्था, बाटोघाटो र नदीनालामा सरसफाइ गरी स्वच्छता कायम गर्ने।

नयाँ पत्रिका १७ वार्षिकोत्सव

हार्दिक बधाई तथा
शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका देशवासीहरुमा **हार्दिक मंगलमय शुभकामना**का साथै

नयाँ पत्रिका

राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

लोक बहादुर चौलागाईं
डिभिजन प्रमुख

खानेपानी तथा सरसफाइ डिभिजन ५
भक्तपुर

अनुरोध

१) सडक हामी सबैको साझा सम्पत्ति हो। यसको संरक्षण एवं संवर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो। विभिन्न सडकखण्डमा अनधिकृत रूपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, निर्माण सामग्री सडकमै थुपार्ने, सडकमै सवारीसाधन धुने, सडक नाली पुरी बाटो बनाउने, स्वीकृति नलिई जथाभावी सडक खन्ने तथा नालीमा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलाप नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस सडक डिभिजन हार्दिक अनुरोध।

२) सडक भन्नेबित्तिकै सडक विभागको हो भन्ने आमधारणा रहेको छ, तर त्यसो नभई विभिन्न निकायबाट सडक निर्माण तथा मर्मत कार्य भइरहेको छ। सम्बन्धित निकायले आ-आफ्नो क्षेत्राधिकारभित्र रही आवश्यक समन्वयमा निर्माण तथा स्तरोन्नति गरिदिनु हुनसमेत अनुरोध।

३) सडक निर्माण गरेपछि योजनाबद्ध मर्मत गर्नुपर्ने हुन्छ। खाल्डाखुल्डी टाल्नेदेखि पुनर्स्थापना गर्नु नियमित प्रक्रिया भएकोले हाल भइरहेको मर्मत तथा स्तरोन्नति कार्यमा असर पर्ने गरी अफवाह फैलाएको समेत पाइन्छ। तसर्थ उक्त भ्रामिक कुरा नगरी सडक डिभिजनलाई सहयोग पुऱ्याउन सबैमा सडक डिभिजन काठमाडौं हार्दिक अनुरोध गर्दछ।

नयाँ पत्रिका १७ वार्षिकोत्सव

हार्दिक बधाई तथा
शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका देशवासीहरुमा **हार्दिक मंगलमय शुभकामना**का साथै

नयाँ पत्रिका

राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

सडक डिभिजन, भक्तपुर
कटुन्जे, भक्तपुर

शुभकामना

नव वर्ष २०८१ को सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं। यस अवसरमा परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरुमा सञ्चालित रोजगारमूलक प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमहरुबाट लाभान्वित हुनका लागि समेत अनुरोध गर्दछौं।

नयाँ पत्रिका १७ वार्षिकोत्सव

हार्दिक बधाई तथा
शुभकामना

नयाँ पत्रिका

राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

CTEVT 1989

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
मध्यपुर थिमि-२, सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३०४०८, ६६३०७६५
इमेल : info@ctevt.org.np, वेबसाइट : www.ctevt.org.np

वर्ष ०८० मा खेलकुद

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अघिल्लो वर्षको तुलनामा ०८० मा नेपाली खेलाडीले ठूला अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिने अवसर पाए। क्रिकेटतर्फ एकदिवसीय विश्वकप ग्लोबल छनोट, एसिया कप, एसियाड र आइसिसी-१९ विश्वकप प्रतियोगिता यही वर्ष भए। फुटबलमा साफ च्याम्पियनसिप र महिला टोलीले वाफ च्याम्पियनसिपमा आमन्त्रित टोलीका रूपमा भाग लियो। पेरिस ओलम्पिक खेलकुद प्रतियोगिताअन्तर्गत विभिन्न खेलका छनोट खेल यही वर्ष भए। एसियाडमा पुरुषभन्दा महिलाले देशको इज्जत जोगाए। घरेलु खेलमा नम्बर एक मानिने फुटबल वर्षभरि नै आन्तरिक विवादले चर्चामा रह्यो। घरेलु प्रतियोगिता नहुँदा दर्जनौं फुटबलर अस्ट्रेलिया पलायन भए। क्रिकेटले एसिया कपदेखि विश्वकपसम्म स्थान बनाएर वाहवाही कमायो।

आन्तरिक विवादमा रुमलिएको फुटबल

फुटबल नेपालको सर्वाधिक लोकप्रिय खेल हो। तर, यस वर्ष फुटबल मैदानभित्र र बाहिर उत्तिकै चर्चा भइरह्यो। अखिल नेपाल फुटबल संघ (एन्फा)का पदाधिकारीबीच आपसी भाग मिलाउन अध्यक्ष पंकज नेम्बाङ वर्षभरि नै सक्रिय रहे। संस्थापन पक्षले खुसी पार्न नसक्दा असन्तुष्ट पक्षहरूले अध्यक्ष नेम्बाङविरुद्ध नै महाअभियोग दर्ता प्रस्तुत गरे। फुटबल इतिहासमा अध्यक्षमाथि महाअभियोग लागेको यो नै पहिलोपटक थियो। यद्यपि, नेम्बाङले आफूमाथि अभियोग प्रतीक्षा गर्न सफल भए। यसमा सबैभन्दा ठूलो हात पूर्वमहासचिव तथा सिइओ इन्द्रमान तुलाधरको देखियो।

असन्तुष्ट पक्षका शक्तिशाली मानिने तुलाधर संस्थापन पक्षसँग सुटुक्क मिलेर मात्र उनले एन्फाको सिइओसमेत कुम्ल्याउन सफल भए। सिइओ खाएदेखि नै तुलाधर निकै विवादास्पद बनेका थिए। राष्ट्रिय खेलकुद परिषद्को स्वीकृतिविना नै एन्फाका सिइओलगायत अन्य ११ जना मलेसियाविरुद्धको मैत्रीपूर्ण खेलमा टोलीका सदस्यका रूपमा सहभागी हुन गए।



हालै मात्र राष्ट्रिय स्वतन्त्र पार्टीबाट युवा तथा खेलकुदमन्त्री भएका विराजभक्त श्रेष्ठले राखेपबाट स्वीकृति नलिई गएका पदाधिकारीलाई कारबाही गर्नु भने पनि यो केवल कागजमै सीमित भइरहेको छ। आन्तरिक विवादमै अल्झिएको एन्फाले कहिल्यै पनि पूर्णकालीन कार्यसमितिको बैठक राख्न सकेन। मैदानबाहिर पदाधिकारीबीच वादविवाद चलिरहँदा मैदानभित्र भने महिला खेलाडीले नेपालको सान उच्च पार्न सफल भए। साउदी अरबमा वाफ महिला च्याम्पियनसिप प्रतियोगितामा नेपाली महिला टोली पहिलो सहभागीमै उपविजेता बनेको थियो। प्रतियोगितामा नेपालले चार खेलमा १७ गोल गर्दै वाहवाही कमाएको थियो। फ्रेन्च लिगमा आबद्ध सावित्रा भण्डारी एक्लैले नौ गोल गरेकी थिइन्। अपराजित रही फाइनलमा पुगेको नेपाल उपाधि भिडन्तमा जोर्डनविरुद्ध चुक्यो। निर्धारित समयमा साबिक विजेता जोर्डनलाई दुई-दुईमा रोकेको नेपाल टाइब्रेकरमा पछि पऱ्यो।

यद्यपि, आमन्त्रित टोलीका रूपमा प्रवेश पाएको नेपाली महिला टोली उपविजेता हुँदै घर फर्कियो। महिला फुटबलको चर्चा गरिरहँदा सावित्राले ठूलै छलाङ मार्न सफल भइन्। उनी सुरुमा इजरायली क्लबमा आबद्ध हुने पहिलो नेपाली महिला खेलाडी बनिन्। त्यसपछि फ्रान्सको शीर्ष डिभिजन लिगमा आबद्ध हुँदै उनले अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता प्राप्त गरिन्। अर्कोतिर पुरुष फुटबलले बिर्सन लायक प्रदर्शन गऱ्यो। सहभागी भएको कुनै पनि प्रतियोगितामा फाइनलसम्म पुग्न सकेन। फिफा विश्वकप-२०२७ अन्तर्गत एसियाली क्षेत्रको पहिलो चरणमा लाओसलाई हराउँदै नेपालले दोस्रो स्थान गऱ्यो। वास्तवमा पुरुष टोलीले यस वर्ष प्राप्त सफलतको विश्लेषण गर्दा यही मात्र सम्झनायोग्य थियो। यसबाहेक अरू नतिजा सम्झनलायक भएनन्।

भारतमा आयोजना भएको साफ च्याम्पियनसिपमा नेपाल समूह चरणबाटै बाहिरियो। कमजोर तयारी तथा एक्सपोज पर्याप्त नहुँदा नेपालले फिफा विश्वकप छनोटको दोस्रो चरणमा केवल चार खेलमा १४ गोल खाएको थियो। दुई साताअघि बहराइनसँग दुई खेलमा आठ गोल नेपालले व्यहोरेको थियो। एन्फाको कमजोरीका कारण दशरथ रंगशालामा हुनुपर्ने विश्वकप छनोट खेल बहराइनमा पुऱ्याउँदा अन्तर्राष्ट्रिय बेइज्जत नै भयो। घरेलु फुटबल सुचारु रूपमा चल्न नसक्दा युवा तथा सिनियर खेलाडी क्रमिक रूपमा अस्ट्रेलिया पलायन भए। राम्रा खेलाडी विदेशमा भविष्य बनाउन पलायन हुँदा नेपाली राष्ट्रिय फुटबल टोलीले खराब नतिजा यस वर्ष व्यहोरेको हो।

तीन महिनाभन्दा बढी चलेको 'ए' डिभिजन लिगमा चर्च ब्वाइज पहिलो सहभागितामै च्याम्पियन बन्यो। त्यही नै लामो इतिहास बोकेको एपिएफ क्लब बी डिभिजनमा घटुवा भएको छ।

चर्च ब्वाइज 'सी', 'बी' र 'ए' डिभिजन च्याम्पियन हुने मनाङ मर्स्याङ्दी पछि दोस्रो क्लब हो। दोस्रो संस्करणको नेपाल सुपर लिगले जाडो मौसमलाई तताउने काम भयो। यसपटक ललितपुर च्याम्पियन बन्यो। पुरुषतर्फ नयाँ खेलाडी विदेशी लिगमा आबद्ध हुन नसक्दा महिलातर्फ ६ खेलाडी भारतीय महिला लिगमा अनुबन्धित भए। पुरुषतर्फ एरिक विष्ट र डिफेन्डर अनन्त तामाङ मात्र भारतीय लिग क्लबमा आबद्ध भए। मच्छिन्द्र एएफसी कप छनोटको दोस्रो प्ले अफमा मोहन बगानसँग पराजित हुँदै बाहिरियो।

१९औं एसियनमा दुई पदक



यस वर्षको असोजमा चीनको हाङ्झाउ सहरमा १९औं एसियन खेलकुद प्रतियोगिता आयोजना भयो। चीनले आयोजकका रूपमा अहिलेसम्मकै उत्कृष्ट भएको दाबी गरेको छ। प्रतियोगितामा १० हजारभन्दा बढी खेलाडीले सहभागिता जनाउँदा नेपालकी एरिका गुरुङले ऐतिहासिक प्रदर्शन गरिन्। कराँतेकी खेलाडी एरिकाले व्यक्तिगत विधामा रजत जित्ने दोस्रो महिलाको सौभाग्य प्राप्त गरिन्। अहिलेसम्म एसियाडमा कराँतेबाट रजत जित्ने उनी मात्र एक्ली खेलाडी हुन्।

आशा गरेका खेलका खेलाडी र टिम इभेन्ट्सले खराब नजिता आत्मसात् गरिरहेका वेलामा महिला कवड्डीले नेपाललाई कांस्य पदक दिलाएको थियो। कांस्य पदक जित्दा नेपाल सन् १९९० पछि खाली हात फर्कनुपरेन। एसियाड सकिने एक दिनअघि एरियाको सफलतो कवड्डीको ऐतिहासिक पदक छायामा परेको थियो। राष्ट्रिय खेलकुद परिषद्ले एसियाडमा एक खेलका पदाधिकारी अर्को खेलका अफिसियल बनाएर पठाउँदा ठूलै विवादको सामना गऱ्यो। आयोजकले पहिलोपटक समावेश गरेको पब्जी खेलमा नेपाली टोलीले फाइनल स्थान पक्का गरेको थियो। यसैगरी, क्यानोइनमा नेपाललले फाइनल स्थान रक्षा गऱ्यो। एसियाडमा सर्घैंको भर्नै सम्बन्धित निकायले पदाधिकारीलाई विदेश भ्रमणको अनुभव बटुल्ने रूपमा प्रयोग गरे। पारा तेक्वान्दोकी खेलाडी पलेसा गोवर्द्धनले हाङ्झाउमा भएको एसियन पारा खेलकुद प्रतियोगितामा उनले कांस्य पदक जितिन्। यो सफलता प्राप्त गर्ने उनी पहिलो पारा खेलाडी हुन्।

म्याराथनमा सन्तोषीको दबदबा



सन्तोषी श्रेष्ठले यस वर्ष घरेलु म्याराथनमा एकछत्र राज गरिन्। उनले ०८० मै अन्तर्राष्ट्रिय म्याराथनमा डेब्यु गरिन्। डेब्यु स्पर्धामै उनले पदकसमेत जितिन्। बंगलादेशमा भएको बंगबन्धु म्याराथनमा सन्तोषीले स्वर्ण जितिन्। मध्यम गतिकी धाविका सन्तोषीले सनसनी मच्चाउँदै डेब्युमै स्वर्ण जितिन्। पछिल्लो तीन महिना उनले घरेलु प्रतियोगितामा सहभागिता जनाएको ६ वटैमा स्वर्ण जितिन्। प्रथम अन्तरप्रदेश खेलकुदमा पनि उनले महिला १० हजार र पाँच हजार मिटर स्वर्ण हात पारिन्। उनी यतिमै रोकिइनन्, पोखरा रन, धरान रन, नेपाल आर्मी हाफ म्याराथन, लुम्बिनी पिस हाफ म्याराथन, रन फर प्रोटिन हाफ म्याराथनमासमेतका स्वर्ण आफ्नो पक्षमा राखिन्।

भारोत्तोलनमा नयाँ शक्ति सागर



भारोत्तोलनमा सागर भण्डारी यो वर्ष राष्ट्रिय कीर्तिमान राख्नमा व्यस्तझैं देखिए। थाइल्यान्डमा भएको आइडब्लुएफ २०२४ मा सागरले नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्न सफल रहे। उनले स्नाचतर्फ १३४ केजी, क्लिन एन्ड जर्कतर्फ १७२ केजी र कुलमा ३०६ केजी भारवहन गर्दै आफ्नै नाममा रहेको कीर्तिमान भंग गरे। उनले तीन राष्ट्रिय कीर्तिमान बनाए। उनले १९औं एसियाडमा स्नाचमा १३३ केजी भारवहन गरेका थिए। यसअघि एसियन च्याम्पियनसिपको क्लिन एन्ड जर्कमा १७१ र कुलतर्फ चीनमै ३०३ केजी बहन गर्दै कीर्तिमान बनाएका थिए।

क्रिकेटमा एसिया कपदेखि विश्वकपसम्मको यात्रा

यस वर्ष नेपाली क्रिकेटर राष्ट्रियस्तरमा भन्दा अन्तर्राष्ट्रिय स्पर्धामा व्यस्त भए। एसिसी प्रिमियर कपदेखि एसियाडसम्म नेपालले सहभागिता जनायो। एकदिवसीय क्रिकेटमा नेपाली खेलाडीले सोचेभन्दा बढी एक्सपोजर प्राप्त गरे। आइसिसी डिभिजन-१ को तेस्रो स्थानमा रहँदै नेपाले एकदिवसीय विश्वकप ग्लोबल छनोटमा स्थान पक्का गऱ्यो। जिम्बाबेमा भएको ग्लोबल छनोटमा नेपालका खेलाडीले वेस्ट इन्डिज र जिम्बाबेजस्ता टेस्ट राष्ट्रविरुद्ध आफ्नो प्रतिभा देखाएर चर्चा बटुले। त्यहीं नै नेपालले दोस्रोपटक एसिया कपमा छनोट हुँदै भारत र पाकिस्तानजस्ता विश्वकै दिग्गज क्रिकेट राष्ट्रविरुद्ध प्रतिस्पर्धाको अवसर पायो।

भारत र पाकिस्तानविरुद्ध नेपाली खेलाडीले उत्कृष्ट प्रदर्शनसमेत गरे। एसिया कपमा भारत र पाकिस्तानविरुद्ध खेलिरहँदा अन्तर्राष्ट्रिय मिडियाले नेपाली खेलाडीको खुबै प्रशंसा गरेको थियो। एसियाडमा नेपाल पुनः एकपटक भारतको समूहमा परेको थियो। नेपालले भारतविरुद्ध असाधारण प्रदर्शन गरेको थियो। नेपालले मंगोलियाविरुद्धको खेलमा टी-२० फर्म्याटमा विश्व कीर्तिमानी योगफल खडा गरेको थियो। त्यसै खेलमा कुशल मल्लले कम बलमा सय रनको विश्व कीर्तिमान राखेको थियो। उनको रेकर्ड डेढ महिनाअगाडि त्रिवि क्रिकेट मैदानमा तोडिएको थियो।

नेपाल दोस्रोपटक टी-२० विश्वकपमा छनोट यही वर्षमै भएको थियो। नेपालले मूलपानी क्रिकेट मैदानमा युएईलाई हराउँदै अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपमा स्थान बनायो। सिनियर मात्र होइन, जुनियर टोलीले पनि यस वर्ष सफलता चुम्यो। आठ वर्षपछि नेपालले आइसिसी यू-२० विश्वकप खेल्यो। यस वर्ष नै क्यानको कार्य समिति परिवर्तन भयो। चतुरबहादुर चन्दले निरन्तरता पाउँदा नेपालका पूर्वकप्तान पारस खड्का सचिव बने। नयाँ कार्यसमितिले पुरुष र महिला खेलाडीको वर्गीकरण गऱ्यो। लेग स्पिनर सन्दीप लामिछाने बलात्कारको आरोपमा दोषी ठहरिएपछि आठ वर्ष जेल सजाय सामना गरे।

क्यानले राष्ट्रिय क्रिकेटको 'ए' टोली बनायो। नेपालले आयरल्यान्डको 'ए' टोलीसँग सिरिज खेल्यो। पुरुषतर्फ नेपाली टोलीले लगातार चार फाइनल गुमायो। यस वर्ष सन्न्यास लिएका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले राष्ट्रिय 'ए' टोलीका प्रशिक्षक बने। नेपालको यू-१६ टोलीले लगातार तेस्रोपटक एसिसी यू-१६ इस्ट जोन कप जित्यो। महिला क्रिकेटमा पूर्वकप्तान रुबिना क्षेत्रीले नेपालबाट अन्तर्राष्ट्रिय शतक बनाउने पहिलो महिला क्रिकेटर बनिन्। एसिसी महिला प्रिमियर कपमा रुबिनाले माल्दिभ्सविरुद्ध ५९ बलमा १० चौका र पाँच छक्का प्रहार गर्दै एक सय १८ रन बनाइन्।



नेपाल पाँच विकेटले विजयी



गुल्सन झाले सात बलमा एक चौका र दुई छक्कासहित १९ रन जोडेपछि नेपाललाई पाँच विकेटको जित दिलाए

नयाँ पत्रिका

गुल्सन झाले सात बलमा १९ रन जोडेपछि शुक्रबार नेपालले एसिसी प्रिमियर कप टी-२० क्रिकेट प्रतियोगितामा २०२४ मा मलेसियालाई पाँच विकेटले हराएको छ। ओमानको अल अमेरात क्रिकेट मैदानमा नेपालले अन्तिम ओभरमा मलेसियामाथि जित निकालेको हो। सातौं नम्बरका गुल्सनले सात बलमा एक चौका र दुई छक्कासहित अविजित १९ रन जोडेपछि नेपाल पहिलो जित निकाल्यो। सन्दीप जोराले नौ बलमा १२ रनको योगदान गरे। गुल्सनले आक्रामक प्रदर्शन गरेपछि कुनै समय हारतर्फ बढेको नेपाल जित निकाल्न सफल भएको हो। अब, नेपालले आइतबार कतारको समान गर्नेछ।

यसअघि टस जितेर ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै एक सय ४३ रन बनाएको थियो। जितपछि नेपालले समूह 'ए'मा दुई अंक जोडेको छ। नेपालको जितमा ओपनर आसिफ शेखले ३२, कप्तान रोहितकुमार पौडेलले २८, कुशल भुर्तेलले २४, दीपेन्द्रसिंह ऐरीले २० रनको योगदान गरे। पहिलो विकेटका लागि कुशल र आसिफले ४९ रनको साझेदारी गरेका थिए। मलेसियाको ब्याटिङमा कप्तान बिरन्दीपले ५७ बलमा समान चार छक्का र चौकासहित सर्वाधिक ७२ रनको योगदान गरे। सार्विन मुनिएन्डी ४१ र ओपनर महम्मद आमिरले १६ रन बनाए।

रविन र उषा उत्कृष्ट

काठमाडौं/ नेपाल भलिबल संघ (एनभिए)ले उषा भण्डारी र रविन चन्दलाई वर्षको उत्कृष्ट खेलाडीका रूपमा सम्मान गरेको छ। विभागीय टोली नेपाल पुलिसबाट खेलिरहेका रविन पुरुषतर्फ र उषा महिलातर्फ उत्कृष्ट खेलाडी घोषित भएका हुन्। दुवैले जनही ५० हजार रुपैयाँ प्राप्त गरेका छन्। दुवै खेलाडीले राष्ट्रिय टोलीबाट पनि उत्कृष्ट प्रदर्शन गरेका थिए। त्यस्तै, उदीयमान खेलाडीमा महिलातर्फ न्युडायन्ड स्पोर्टस् क्लबकी प्रगति नाथ तथा पुरुषतर्फ विभागीय टोली एपिएफका हेमन्त मल्ल घोषित भए। उत्कृष्ट पुरुष खेलतर्फ प्रशिक्षकमा गण्डकी प्रदेशका रमेश केसी तथा महिला खेलतर्फ पुलिसका रूपेश विष्ट चुनिए। पुरुषतर्फ गण्डकी र महिलातर्फ पुलिसले उत्कृष्ट टोली घोषित हुँदै समान दुई लाख प्राप्त गरेका छन्। प्रकाश तिमल्सिना उत्कृष्ट खेल पत्रकार चुनिए। संघले राष्ट्रिय पुरुष भलिबल टोलीका पूर्वकप्तान इमबहादुर रानामगरलाई ५० हजार रुपैयाँसहित सम्मानित गरेको छ।



तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

यसैबीच, राखेपका सदस्य सचिव टंकलाल घिसिङले त्रिपुरेश्वरमा रहेको बहुउद्देश्यीय कभर्डहलमा प्यारापिट थपिने घोषणा गरेका छन्। सदस्यसचिव घिसिङले एनभिए अवार्डमा सम्बोधन गर्दै उत्तर (जंगीअड्डा)तर्फ रहेको सानो भागमा प्यारापिट थपेर कभर्डहल बढाउने बताएका हुन्। यसै वर्ष रातो किताबमा बजेट समावेश गर्ने र कभर्डहल थप स्तरीय बनाउने उनले बताएका हुन्।

ललितपुर महानगरपालिका
ललितपुर, नेपाल



विकास निर्माणका साथै विविध गतिविधिलाई आफ्ना सञ्चारमाध्यममा दिएको प्राथमिकता सराहनीय भएकोमा खुसी व्यक्त गर्दै यसको निरन्तरताको अपेक्षा गर्दछौं।

अखबारहरूको भिडमा फरक पहिचान बनाउन सफल देशकै उत्कृष्ट पत्रिका
नयाँ पत्रिका
राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।



चिरीबाबु महर्जन
नगरप्रमुख
तथा
ललितपुर महानगरपालिका परिवार

साना किसानको समृद्धि, कृषिको रूपान्तरण र उद्यमशीलताको विकास

लघुवित्तको कार्यक्रम मार्फत ग्रामीण समुदायमा उद्यमशीलताको विकास गर्दै समुदायका हरेक सदस्यलाई आर्थिक समृद्धिको बाटोमा अगाडि बढाउन साना किसान लघुवित्त वित्तीय संस्था लि. ले अग्रणी भूमिका खेलिरहेको छ। ७९ प्रतिशत महिला सदस्यहरूको सहभागिता रहेका साझेदार संस्थाहरू मार्फत यस संस्थाको अगुवाईमा स्वरोजगार एवं रोजगारीका अवसर अभिवृद्धि गर्ने कार्य भईरहेको छ। देशको समग्र गरिबी निवारण गर्ने कार्यमा सघाउ पुऱ्याउने उद्देश्य लिएको यस वित्तीय संस्थाले देशभरी बाह्र (१२) वटा शाखा कार्यालय र केन्द्रीय कार्यालय मार्फत सेवा प्रवाह गरिरहेको छ।

७७ जिल्लाका १ हजार ६ सय ३६ वटा साना किसान कृषि सहकारी संस्था लि. र समान प्रकृतिका अन्य सहकारी संस्थाहरू मार्फत थोक कर्जाका साथै क्षमता विकास, प्रविधिको हस्तान्तरण, युवा उद्यमशीलताका लागि पैरवी लगायका सेवाहरू समेत उपलब्ध गराउँदै आएको छ। यस लघुवित्तले नेपाल सरकार, अन्तर्राष्ट्रिय दातृ संघ/संस्थाहरूको सहकार्यमा समुदायमा आधारित सहकारी संस्थाहरू मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम संचालनमा समेत सहयोग पुऱ्याउँदै आएको छ। यस वित्तीय संस्थाको वेभसाईट www.skbbl.com.np बाट थप जानकारी लिन सकिने छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं।
फोन. : ०१-५३२०५१३, ५५०५६१२, ४१११८५५

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, भक्तपुर
जनहितमा जारी सन्देश

पानीका मुहान/श्रोतहरू दुषित हुन गई विभिन्न किसिमका पानीजन्य रोगहरू लाग्न सक्ने भएकाले पानीलाई शुद्धिकरण गरेर मात्र पिउने गरौं।

पानी शुद्धिकरणका लागि कुनै एक विधिको प्रयोग गरौं:

- उमाल्ने,
- फिल्टर गर्ने,
- सोडिस गर्ने (बन्द बोतलमा राखि घाममा तताउने),
- आवश्यक मात्रामा क्लोरिन / पियुष झोल वा ब्लिचिङ्ग पाउडर वा एक्वाट् याबलेटको प्रयोग गर्ने।

साथै पानीलाई दुषित हुन नदिन पानीका मुहान / श्रोतहरु वरिपरी दिशापिसाव, ढल निकास, फोहरमैला विसर्जन लगायतका कार्यहरु नगरौं र नगराऔं।

बोरिङ्गको पानीमा एमोनिया, फलाम, म्यागनिज, आर्सेनिक, धमिलोपना, जैविक तत्व, हुने सम्भावना बढी हुने हुँदा

कम्तिमा वर्षमा ३ पटक (मनसुन पूर्व, मनसुन र मनसुन पश्चात्) पानी परीक्षण गरौं, आफूले पिउने पानी पिउन र प्रयोग गर्ने पानी प्रयोग गर्न योग्य छ/छैन यकिन गरौं।

नयाँ पत्रिका १७ वार्षिकोत्सव
हार्दिक बधाई तथा
शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका देशवासीहरुमा **हार्दिक मंगलमय शुभकामना**का साथै
नयाँ पत्रिका
राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

अतुलेश कुमार कर्ण
आयोजना प्रमुख

नेपाल सरकार
खानेपानी मन्त्रालय
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
कटुन्जे, भक्तपुर
Email : fwssmpbhaktapur@gmail.com

नसर्ने रोग तथा सुर्तीजन्य पदार्थ नियन्त्रणका उपायहरू

१. धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन नगरौं।
२. मदिराको सेवन नगरौं।
३. सारिरीक रुपमा शक्रिय रहौं।
४. नुन र चिनीको प्रयोग कम गरौं।
५. सन्तुलित खाना प्रसस्तत्रामा फलफूल र साग्रासब्जी खाऔं।
६. मानसिक तनावको व्यवस्थापन गरौं।
७. उच्च रक्तचाप तथा नसर्नेरोगका अन्य जोखिमहरुलाई व्यवस्थापन गरौं।

नयाँ पत्रिका १७ वार्षिकोत्सव
हार्दिक बधाई तथा
शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा
देश तथा विदेशमा रहनुभएका देशवासीहरुमा
हार्दिक मंगलमय शुभकामनाका साथै
नयाँ पत्रिका
राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

स्वास्थ्य कार्यालय
भक्तपुर
सुर्यविनायक नगरपालिका-५, कटुञ्जे, भक्तपुर

KL DUGAR GROUP

ज्ञान

Instant Coffee को मज्जा With

Cafezza

A Unique Blend With Micronized Roasted Arabica



- IRRESISTIBLE AROMA
- 100% PURE COFFEE
- FINELY GROUND ROASTED ARABICA BEANS
- RICH AND ROBUST COFFEE EXPERIENCE

RISE, SHINE & CAFEZZA

WITH FINELY GROUND ARABICA FOR SUPERIOR TASTING COFFEE

Available at:
Big Mart, KK Mart, Salesberry Nina Hager, Metro Market, Daraz and Other Store near you

Branch contact : Kathmandu: +977 980-1162472, 01-5149566 | Dhulabari: 023-5602464 | Birtamode: 023-531196
Biratnagar: 021-512758 | Janakpur: 041-523963 | Birgunj: 051-524861 | Narayanghat: 056-537768 | Pokhara: 061-578103
Butwal: 071-424270 | Bhairhawa: 071-573441 | Nepalgunj:081-531123 | Dhangadhi: 091-520855

PREMIUM QUALITY WARRANTY LIFETIME*

NEPLY
PLY • BOARD • DOOR
नेप्लाई सधैलाई

नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना



BWP PLY
BLOCK BOARD
COMMERCIAL PLY
FLUSH DOOR
MR PLY
TEAK PLY

BUILDING BETTER WITH NEPLY PLYWOOD

STRONG | RELIABLE | AFFORDABLE

#BestPlyNeply

MADE IN NEPAL PREMIUM QUALITY

BHAGWATI LAMINATES PVT. LTD.

CORPORATE OFFICE :
New Baneshwor, Kathmandu
+977 1 5908067, 4790067
+977 9801418230
info@neply.com.np

HEAD OFFICE :
Mechinagar, Jhapa 10, Nepal
9801418125
factory@neply.com.np
www.neply.com.np

Haier
Inspired Living

Authorized Distributor
neoteric

नयाँ वर्ष, नयाँ Haier

पक्का उपहारमा*
HAPPY BUYER



SIDE BY SIDE REFRIGERATOR 628L-630L
FREE HAIER MICROWAVE OVEN

DOUBLE DOOR LARGE REFRIGERATOR 325L-376L
FREE MAHARAJA WHITELINE MIXER GRINDER

DOUBLE DOOR REFRIGERATOR 240L-278L
FREE MAHARAJA WHITELINE HAND BLENDER

SINGLE DOOR REFRIGERATOR 190L-220L
FREE MAHARAJA WHITELINE DRY IRON

FRONT LOAD WASHING MACHINE 8KG-10KG
FREE MAHARAJA WHITELINE STEAM IRON

TOP LOAD WASHING MACHINE 7KG-7.8KG
FREE MAHARAJA WHITELINE DRY IRON

*शर्तहरू लागू हुनेछन् ।

Global No.1
Home Appliances Brand for 15 Consecutive years

यो नयाँ वर्षको अवसरमा **Haier** ले आफ्नो **Buyer** लाई थप **Happy** बनाउन ल्याएको छ नयाँ **range** को नयाँ **products.**

Haier को **Refrigerator** तथा **Washing Machine** को खरिदमा पाइन्छ पक्का उपहार

यो योजना २०८१ साल बैशाख १ गते देखि सिमित अवधिको लागि लागू हुनेछ ।

Authorized Distributor
Neoteric Nepal Pvt. Ltd., Bhanimandal, Lalitpur, 01-5454130
Showroom: Maitighar, Kathmandu, 9801200104
For trade inquiry: 9802304951, 9802323383
Email: bhaskar.munankarmi@neoteric.com.np, info@neoteric.com.np

SERVICE CENTERS ALL OVER NEPAL
Toll Free No.:1660-01-63631
Mobile: 9802304955

बिक्रेता: नियो स्टोर, माईतीघर

थप जानकारीका लागि

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com